**सार्वजनिक नीति सम्बन्धी समस्या समाधानका लागि सुझाव**

नेपालमा सार्वजनिक नीति सम्बन्धी माथि उल्लेखित कमजोरी एवम् चुनौतीहरू रहेको पाईन्छ । ती कमजोरी एवम् चुनौतीहरूको समाधानका लागि निम्न उपायहरू अवलम्बन गर्न सकिन्छ –

★ सरकारको कार्यक्षेत्र र प्राथमिकताका नीतिको पहिचान गरी शासकीय सुधार र सुशासनका कार्यक्रम सञ्चालन गर्ने,

★ सरकार, नागरिक समाज र निजी क्षेत्रको सहकार्यमा सुधार एवम् वृद्धि गर्दै लैजानुपर्ने,

★ अन्तर्राष्ट्रिय सहयोग र सहकार्यलाई विश्वासमा लिई आत्मनिर्भर अर्थतन्त्र र पूँजी निर्माणको क्षेत्रमा सहयोग लिने रणनीति अख्तियार गर्नुपर्ने,

★ जनसहभागितामा आधारित नीति निर्माण गरी सोको पारदर्शितामा जोड दिनुपर्ने,

★ सकारात्मक सहभागिता र प्रतिफलका लागि नीतिको वकालत, सहभागितामूलक अनुगमन प्रणालीको विकास गर्नुपर्ने,

★ सार्वजनिक नीति निर्माणमा सहभागी हुने निकायहरू जस्तै : प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, राष्ट्रिय योजना आयोग, मन्त्रालय, संवैधानिक अंगहरू आदि निकायले नीति निर्माणमा क्षमता विकासमा ध्यान दिनुपर्ने र विशेषज्ञको सुझाव लिई नीति निर्माण गर्ने परिपाटीको विकास गर्नुपर्ने,

★ संस्थागत क्षमता विकासका लागि निर्णय लिइने तह (प्रधानमन्त्रीको कार्यालय) मा नीति निर्माण सम्बन्धी संयन्त्रको विकास गर्नुपर्ने,

★ नीति अनुगमन तथा मूल्यांकनलाई पारदर्शी बनाउन सार्वजनिक सुनुवाई, मूल्यांकनकर्तालाई तालिम, प्रशिक्षण, लेखाजोखा गर्ने वैज्ञानिक मापदण्ड र सूचकांकको विकास गर्नुपर्ने,

★ राजनीतिक नेतृत्व र प्रशासनिक निकायमा आबद्ध पदाधिकारीहरूको भूमिका, समन्वय र सहकार्यलाई बढावा दिई राष्ट्रिय लक्ष्य पूरा गर्ने एउटै उद्देश्यका लागि जुटेको अनुभूति गराउने आदि ।

निष्कर्षमा कुनै पनि सरकारको नीतिलाई सरकार र जनताबीचको सम्बन्ध सेतुको रुपमा पनि लिइन्छ । तर नेपालको सन्दर्भमा भने घोषित नीतिले तय गरेको लक्ष्य तथा उद्देश्यहरू माथि उल्लेखित कारणहरूले सम्पन्न हुन सकेको पाइँदैन । त्यसैले राजनीतिक नेतृत्वले आफ्नो दलीय एवम् व्यक्तिगत स्वार्थबाट माथि उठेर देश र समाजको वास्तविक आवश्यकतालाई मध्यनजर राख्दै स्पष्ट नीति निर्माण गर्ने र त्यसको कार्यान्वियनमा प्रशासनिक संयन्त्र पनि इमानदार एवम् कसैको दबाब र प्रभावबाट मुक्त रही कार्य गर्ने संस्कृतिको विकास गर्न सकेमा सार्वजनिक नीति प्रति जनताको विश्वास एवम् अपनत्व बढ्नुको साँथै देशले विकासको बाटो लिने आश गर्न सकिन्छ ।

**(९) विकासमा जनसहभागिताको अवधारणात्मक परिवर्तन र विकासमा जनसहभागिताका तहहरूबारे चर्चा गर्दै विकासमा जनसहभागिताको विभिन्न चरणहरूबो लेख्नुहोस् ।**

**विकासमा जनसहभागिताको अवधारणात्मक परिवर्तन**

विकासमा जनसहभागिताको अवधारणाको विकास सन् १९६० को दशकबाट शुरु भएको मानिन्छ । यस अवधारणालाई स्थापित र परिवर्तन गर्दै विकास गर्न विभिन्न विद्वानहरू र संयुक्त राष्ट्र संघको योगदान महत्त्वपूर्ण रहँदै आएको छ । शुरुमा विकासमा आम नागरिक एवं सरोकारवालाहरूको नाम मात्रको सहभागिताको अवधारणाको रुपमा प्रारम्भ भएको विकासमा जनसहभागिताको अवधारणामा परिवर्तन आई स्थानीय निकायहरूमा जनताहरूको सार्थक सहभागिता तथा Key Element, Pivot Element को रुपमा लिने वर्तमान अवस्था सम्म आई पुगेको पाइन्छ । विकासमा जनसहभागिताको अवधारणात्मक परिवर्तनलाई देहाय बमोजिमको चरणमा उल्लेख गर्न सकिन्छ :-

**Conceptual Change in Participation**

↓

जनताको विकास (Development to the People)
(सन् १९६० को दशक भन्दा अगाडिको अवधारणा)

↓

जनताको लागि विकास (Development for the People)
(सन् १९७०को दशक तिरको अवधारणा)

↓

जनतासँग सँगै विकास (Development with the People)
(सन् १९८०को दशक तिरको अवधारणा)

↓

जनताद्वारा विकास (Development through the People)
(सन् १९९० को दशकको अवधारणा)

↓

जनताको सशक्तिकरण एवं नागरिक आबद्धता
(Empowering the People and Civil Engagement)
(सन् १९९० को दशक पछिको अवधारणा)

Question Bank Nepal

(क) **जनताको विकास सम्बन्धी अवधारणा :-** सन् १९६० को दशकभन्दा अगाडि Independence, Nationalismand Consolidation मा जोड दिने जनताको विकासको अवधारणा अवलम्बन गरिँदै आएको पाइन्छ । यस अवधारणाले राज्यले जनतालाई विकास गरिदिनुपर्दछ अर्थात् जनताको विकास राज्यको निर्णयमा हुनुपर्दछ भन्ने मान्यता राख्दथ्यो । त्यसबेला Top Down मोडेलको विकास योजना प्रणालीलाई अवलम्बन गरिएको थियो ।

(ख) **जनताको लागि विकास सम्बन्धी अवधारणा :-** सन् १९७० को दशकतिर Rural Development and Infrastructure Development मा जोड दिने जनताको लागि विकास सम्बन्धी अवधारणाले स्थान लिएको थियो । यो अवधारणाले विकास योजना एवम् क्रियाकलापमा राज्यले स्वामित्व लिँदै विकास जनताको लागि गरिनुपर्दछ तर गरिएको विकासको स्वामित्व भने आम जनतालाई दिइनुपर्दछ भन्ने मान्यता राख्दथ्यो । त्यसबेला पनि विकासको लागि Top Down मोडेल नै प्रचलनमा रहेपनि उक्त मोडेल "Development to the Poeple" सम्बन्धी अवधारणाको समयमा अपनाइने मोडेलभन्दा एक कदम अगाडि थियो ।

(ग) **जनतासँग सँगै विकास सम्बन्धी अवधारणा :-** सन् १९८० को दशकसम्म प्रयोग गरिउको विकासमा जनसहभागितासम्बन्धी यस अवधारणाले Integrated Rural Development, Basic Needs and Women Development जस्ता पक्षमा जोड दिन्थ्यो । विकासको लागि विकेन्द्रिकरण एवं स्थानीय स्वायत्त शासनमा जोड दिने यस अवधारणाले विकास योजना तर्जुमा र मूल्यांकनमा केन्द्रको भूमिका र कार्यान्वयनमा आम जनताको भूमिकाको वकालत गर्दथ्यो ।

(घ) **जनताद्वारा विकास सम्बन्धी अवधारणा :-** विकास सन्दर्भमा Decenralization, Participatory Development and Open Economy मा जोड दिने जनताद्वारा विकास सम्बन्धी अवधारणा सन् १९९० को दशकसम्म अगाडि सारिएको पाइन्छ । विकासमा जनसहभागिता सम्बन्धी यस अवधारणाले राज्यले Core Function तर्फमात्र ध्यान दिनुपर्ने र विकास जनताको अधिकारको रुपमा रहने हुँदा जनतलाई केन्द्रविन्दुमा राखी विकास गरिनुपर्दछ, अनिमात्र विकासको सार्थकता, दिगोपना र निरन्तरता पाउँछ भन्ने मान्यता राख्दथ्यो ।

(ङ) **जनताको सशक्तिकरण एवं नागरिक आबद्धता सम्बन्धी अवधारणा :-** सन् १९९० पछि विकसित विकासमा जनसहभागिता सम्बन्धी यस अवधारणाले Human Development, Good Governance, IT Based Development and Self Mobilization मा जोड दिँदै आएको छ । आम नागरिक राज्यको सम्प्रभु स्रोत र अधिकार प्रयोजनकर्ता भएकोले उनीहरूको हित प्रवर्द्धनको लागि विकासलाई जनसहभागितामैत्री बनाउनुपर्दछ भन्ने मान्यता यस अवधारणाले राखेको पाइन्छ । त्यस्तै गरी यस अवधारणाले विकास राज्यको मूल कार्य नभएर सहजकर्ताको रुपमा राज्य रहने र विकास क्रियाकलापको व्यवस्थापनमा आम नागरिकको सार्थक भूमिका आवश्यक पर्दछ भन्ने कुरामा जोड दिन्छ ।

**जनसहभागिताको सिद्धान्त (Principles of Participation)**

१. वैधताको सिद्धान्त (Principle of Legitimacy)
२. प्रतिनिधित्वको सिद्धान्त (Principle of Representation)
३. सामाजिक मान्यताको सिद्धान्त (Principle of Social Recognition)
४. स्वामित्वको सिद्धान्त (Principle of Ownership)
५. सशक्तिकरणको सिद्धान्त (Principle of Empowerment)
६. उत्तरदायित्वको सिद्धान्त (Principle of Accountability)
७. कार्यशीलताको सिद्धान्त (Principle of Functional)

**विकासमा जनसहभागिताका तहहरू**

विकासमा जनसहभागिताको स्तर तथा तहको निर्धारण जनसरोकारका विषयहरूमा जनताहरूको सहभागिताको स्तर, अधिकारको प्रयोग गर्ने प्रावधानहरू, सहभागिताको क्षेत्र, सहभागीहरूको क्षमता तथा अपेक्षा आदिको आधारमा निर्धारण गरिएको हुन्छ । सामान्यतया: विकासमा जनसहभागिताको तहलाई देहाय बमोजिम विभाजन गरी अध्ययन गर्ने गरिन्छ :-

१. निष्क्रिय सहभागिता (Passive Participation)
२. योगदानकारी सहभागिता (Contributory Participation)
३. परामर्शदायी सहभागिता (Consultative Participation)
४. कार्यगत सहभागिता (Functional Participation)
५. अन्तरक्रियात्मक सहभागिता (Interactive Participation)
६. आत्म परिचालनपूर्ण सहभागिता (Self-Mobilization Participation)

१. **निष्क्रिय सहभागिता (Passive Participation):-** सबैभन्दा निम्न स्तरको विकासमा जनसहभागिताको तह नै निष्क्रिय सहभागिता हो । यस्तो सहभागितामा जनतालाई लाभान्वित समूहको रुपमा मात्र हेरिने, सरोकारवाला जनतालाई निर्णयमा सहभागी हुने अवसर र छनौटको अधिकार नहुने, जनताहरू विकास गर्न असक्षम हुँदा उनीहरूको लागि विकास गरिदिनुपर्दछ भन्ने जस्ता मान्यता राखिएको हुन्छ । त्यस्तै गरी विकासमा निष्क्रिय जनसहभागिता Top Down मोडेलमा सञ्चालित हुने गर्दछ ।

२. **योगदानकारी सहभागिता (Contributory Participation):-** विकासमा योगदानकारी जनसहभागितामा आम जनताले साधन स्रोत तथा श्रमको योगदान गर्ने, परियोजना व्यवस्थापकहरू नागरिकहरूप्रति उत्तरदायी हुने, जनताहरूको निर्णयमा सहभागिता भने नहुने एवम् Top Down मोडेलमा आधारित भई सञ्चालित हुन्छ ।

३. **परामर्शदायी सहभागिता (Consultative Participation):-** विकासमा जनसहभागिताको तह मध्ये परामर्शदायी सहभागिता पनि एक तह हो । यस्तो सहभागितामा आयोजनाहरूको तर्जुमामा मुख्य प्रक्रिया तथा निर्णयहरूमा जनताको सहभागिता नहुने तर आयोजनाका सामान्य समस्या चुनौती जस्ता विषयमा स्थानीय जनताहरूसँग परामर्श लिने गरिन्छ । तर व्यवस्थापकहरू जनताबाट दिइने ती परामर्शहरू स्वीकार गर्न बाध्य भने हुँदैनन् ।

४. **कार्यगत सहभागिता (Functional Participation):-** विकासमा गराइने जनसहभागिता अन्तर्गत कार्यगत सहभागितामा परियोजनाका लक्ष्यहरू पूरा गर्न जनताहरूलाई अन्तिम चरण तथा कार्यान्वयन चरणमा सहभागी गराइन्छ । जनताहरूको सहभागिता र परियोजनाको समग्र तर्जुमा प्रणालीमा भने रहँदैन ।


५. **अन्तरक्रियात्मक सहभागिता (Interactive Participation):-** विकासमा जनसहभागिता अन्तर्गतको अन्तरक्रियात्मक सहभागितामा योजना प्रणाली तथा आयोजना व्यवस्थापनमा सबै चरणहरूमा सरोकारवाला जनताहरूको सहभागिता सुनिश्चित गरिएको हुन्छ । जनताहरू विकास आयोजनाका हरेक अन्तरक्रियामा सहभागी हुन्छन् तर त्यसको लागि समय निर्धारण, आयोजना व्यवस्थापनमा स्वयं परिचालन हुन सक्ने प्रणालीको विकास भएको हुँदैन ।

६. **आत्म परिचालनपूर्ण सहभागिता (Self-Mobilization Participation):-** विकासमा आत्म परिचालन पूर्ण जनसहभागितालाई सबैभन्दा उन्नत अवस्थाको सहभागिताको रुपमा लिइन्छ । यस किसिमको सहभागितामा विकासका अवसरहरू तथा आवश्यकताको पहिचान तथा व्यवस्थापनमा जनतालाई नै प्रमुख जिम्मेवार बनाइने तथा उनीहरू स्वयं परिचालित भई सरोकारका विषयहरूको व्यवस्थापनमा अर्थपूर्ण योगदान पुऱ्याउँछन् । तथापि यस्तो उच्च स्तरीय जनसहभागिता प्राप्त गर्न भने कठीन छ ।

**विकासमा जनसहभागिताका चरणहरू**

वर्तमान समयमा विकासमा जनसहभागिताको लागि विकास योजनाको आवश्यकता पहिचान देखि कार्यान्वयनसम्म Button to Top को अवधारणा अपनाउनु पर्ने कुरा जोड दिइने गरिन्छ । विकासका हरेक प्रक्रिया र चरणहरूमा जनताहरूको सार्थक र अर्थपूर्ण सहभागिता नै विकासमा जनसहभागिता भनी बुझ्नुपर्ने हुन्छ । सहभागितामूलक योजना पद्दतिमा मात्र उच्चस्तरीय जनसहभागिता जुटाउन सकिन्छ । यस्तो योजना पद्दतिमा योजना तर्जुमा कार्यान्वयन, अनुगमन तथा मूल्यांकनमा मात्र नभएर प्रभावकारे विश्लेषण सम्मको प्रक्रियामा जनतालाई सहभागी गराई अपनत्वबोध, विकासको दिगोपन र सीप हस्तान्तरण गर्ने प्रणालीको अनुसरण गरिन्छ । मूलतः सहभागितामूलक विकास योजनामा जनसहभागिताका चरणहरूलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ :-

Question Bank Nepal




(क) विकासको आवश्यकता पहिचान एवम् योजना तर्जुमा :- दिगो, सन्तुलित एवम् प्रभावकारी विकासका लागि सहभागितामूलक योजनाको आवश्यकता पर्दछ। यस्तो विकास योजनाको आवश्यकता पहिचान एवं योजनाको चरण तर्जुमादेखि नै जनसहभागितालाई महत्व दिनुपर्दछ। विकासको आवश्यकताको पहिचान गर्ने सबैभन्दा नजिकका जानकारहरू वास्तविक समस्या भोगिरहेका जनताहरू नै भएको तथा उनीहरूले नै सो समस्या समाधानको लागि सबैभन्दा उत्तम विकल्प छनौट गर्न सक्ने यथार्थतालाई मध्य नजर गरी विकासको आवश्यकता पहिचान एवं विकास योजना तर्जुमाको तह देखि नै जनसहभागिता अपरिहार्य हुन्छ। आधुनिक विकासको Buttom to Top मोडेलले समेत यही कुरामा जोड दिएको छ।

(ख) विकास योजनाको कार्यान्वयन :- कुनै पनि विकास योजनाको कार्यान्वयन चरणमा पनि जनसहभागिताले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ। योजनाको कार्यान्वयनमा आम जनताको सहभागिताले उनीहरूको क्षमता विकास, विकास क्रियाकलापहरूको अपनत्वबोध, श्रम सहभागिता तथा परिवहन मितव्ययिता जस्ता पक्षहरूमा सहयोग पुग्दछ। त्यसै गरी जनसहभागितामूलक विकासमा समय पालना, सदाचार तथा सीमित साधन श्रोतको सर्वोत्तम परिचालनमा समेत निरन्तर खबरदारी रहिरहन्छ।

(ग) विकास योजनाको अनुगमन तथा नियन्त्रण :- विकास योजनाको पहिचान, तर्जुमा, कार्यान्वयन, व्यवस्थापन जस्ता पक्षहरूको साथसाथै योजनाको निरन्तर अनुगमन तथा नियन्त्रणमा समेत जनसहभागिताको महत्वपूर्ण भूमिका रहन्छ। विकास योजनाको अनुगमन तथा मूल्यांकनमा आम नागरिकहरूको सक्रिय सहभागिताले सत्यतथ्य प्रगतिको प्रतिवेदन प्रणालीलाई समेत सक्षम बनाउने मात्र होइन, सम्भावित अनियमितता र भ्रष्टाचारको नियन्त्रण गर्न सहयोग पुऱ्याउँछ।

(घ) विकास योजनाप्रति अपनत्वबोध र दिगोपनाको सुनिश्चितता :- विकास जनताको लागि निजहरू कै सक्रियता निरन्तर रुपमा चलिरहने प्रक्रिया हो। विकासको साधन तथा साध्य दुवै आम नागरिक नै भएको यथार्थताले गर्दा सम्पन्न गरिएको विकिास योजनाहरूको संरक्षण, दिगोपना तथा विकासको लाभहरूको वितरणमा आम जनसमुदायको समान र सहज पहुँच बिना सफलता प्राप्त हुन नसक्ने हुँदा विकास योजना सम्पन्न भई सकेपछि समेत त्यसको दिगोपनका लागि जनसहभागिता अपरिहार्य पक्षको रुपमा रहन्छ।

**(१०) गैरबजेटरी खर्च र घाटा बजेटको परिचय दिँदै गैरबजेटरी खर्च नियन्त्रणका उपाय तथा घाटा बजेट पूर्तिका तरिकाहरू बुदाँगत रुपमा लेख्नुहोस।**

**गैरबजेटरी खर्चको सामान्य परिचय**

सरकारको आय व्ययको विवरण (बजेट) मा समावेश नभएको अर्थात् व्ययको अनुमान अन्तर्गत नपरेका खर्चलाई गैर बजेटरीय खर्च भनिन्छ। गैर बजेटरीय खर्चका सम्बन्धमा सरकारको वार्षिक बजेटमा केही उल्लेख गरिएको हुँदैन यो खर्च तत्कालिक आवश्यकता पूर्तिका लागि गर्ने गरिन्छ। गैर बजेटरीय खर्चले तात्कालिक आवश्यकता पूरा गर्न सघाएता पनि यसले आर्थिक क्षेत्रमा विश्रृङ्खलता निम्त्याउन सक्छ। गैर बजेटरीय खर्च बढ्नुका विभिन्न कारणहरू हुन सक्दछन् जसमध्ये केही कारणहरू देहायबमोजिम छन् :-

★ बजेटमा समावेश नगरिएका आकस्मिक किसिमका खर्चहरू बढ्दै जानु,
★ मनोमानी तरिकाले गरिने खर्चमा वृद्धि हुनु,
★ बजेटको (आय/व्यय) को यथार्थ अनुमान हुन नसक्नु,
★ आकस्मिक किसिमका खर्चहरू जस्तो शान्ति, सुरक्षा, राहत जस्ता कार्यहरू वृद्धि हुनु आदि।

**गैर बजेटरीय खर्चका फाइदा तथा बेफाइदा**

| फाइदा | बेफाइदा |
|---|---|
| • सरकारले नगरी नहुने खालका आकस्मिक कार्यहरू सम्पादन हुने। | • तजविजी अधिकारका आधारमा गरिने खर्चमा वृद्धि हुने। |
| • सरकारी अनुमान बाहेकको खर्च गर्नका लागि सरकारलाई सजिलो हुने। | • आर्थिक अनुशासनहिनतामा वृद्धि हुने। |
| • बजेटमा उल्लेखित | • प्राथमिकता प्राप्त |

Question Bank Nepal

| | |
|---|---|
| नभएको भन्ने बाहनामा अत्यावश्यक कार्यमा खर्च नगर्ने प्रवृत्तिलाई निरूत्साहित गर्छ । | कार्यमा हुने खर्चलाई कम गराउँदछ । |

**गैर बजेटरीय खर्चमा नियन्त्रण गर्ने उपाय**

गैर बजेटरीय खर्च गर्नु केही हदसम्म सकारात्मक भएता पनि यसले आर्थिक अनुशासनहिनतामा वृद्धि हुने हुँदा गैर बजेटरीय खर्च गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्नु आवश्यक छ जसका लागि निम्न उपायहरू अवलम्बन गर्न सकिन्छ :-

- ★ व्ययको अनुमान गर्दा नै दूरदर्शी भई गर्नुपर्दछ ।
- ★ चालु खर्चका लागि गैरबजेटरीय खर्च गर्न नपाइने व्यवस्था कडाइका साथ लागू गर्नु पर्दछ ।
- ★ गैर बजेटरीय खर्च अधिकारप्राप्त अधिकारीले पर्याप्त कारण खुलाई गर्नुपर्ने व्यवस्था गर्नुपर्दछ ।
- ★ विनाकारण गैर बजेटीय खर्च गर्ने व्यक्ति वा संस्थालाई कडा कारबाही गर्नु पर्दछ ।

**घाटा बजेट (Deficit Budget) को परिचय**

बजेटलाई स्रोत तथा खर्चका आधारमा सन्तुलित,बचत र घाटा बजेट गरी तीन किसिमबाट वर्गीकरण गर्ने गरिन्छ । देशमा आर्थिक विकासको गति बढाउने तथा अर्थतन्त्रलाई सन्तुलनमा राख्ने दायित्व सरकारको हो । यो दायित्व पूरा गर्न सरकारले देशको आवश्यकताअनुसार सन्तुलित वा असन्तुलित बजेट नीति अपनाउन सक्छ । कुनै बजेटमा सार्वजनिक राजस्व वा आय भन्दा सार्वजनिक खर्च वा व्यय बढी हुन्छ भने त्यस्तो बजेटलाई घाटा बजेट (Deficit Budget) भनिन्छ । घाटा बजेटलाई असन्तुलित बजेटको नामले पनि चिनिन्छ । घाटा बजेट सम्बन्धी अवधारणा/सिद्धान्तका प्रणेता जे.एम. किन्सलाई मानिन्छ ।

घाटा बजेट पूर्ति गर्न विभिन्न वित्तीय स्रोतहरू जुटाइने गरिन्छ । यसरी बजेट घाटाको स्थितीमा जुटाइने वित्तीय स्रोतहरूलाई न्यून वित्त परिचालन भनिन्छ । सन् १९३० को दशकको आर्थिक मन्दीलाई सामना गर्न न्यून वित्त परिचालनको अवधारणा सुरुवात भएको हो । हाम्रो देश नेपालमा पनि बजेट प्रणालीलाई अपनाउन थालिए देखि आ.व. २०३३ / २०३४ मा बाहेक हालसम्म घाटा बजेटलाई नै अपनाईएको छ । घाटा बजेट विकासोन्मुख राष्ट्रको लागि आवश्यक एवं अनिवार्य मान्ने गरिन्छ । घाटा बजेटका उद्देश्यहरू देहाय बमोजिम रहेको पाईन्छ –

- ★ आर्थिक विकासका लागि आवश्यक पर्ने स्रोतसाधनको व्यवस्था गर्ने ।
- ★ मुलुकमा रोजगारीका अवसर बढाउने ।
- ★ सामाजिक आर्थिक विकासका पूर्वाधारमा पर्याप्त लगानी गर्ने ।
- ★ मुलुकलाई आर्थिक मन्दीबाट छुटकारा दिलाउने ।
- ★ राष्ट्रिय संकट तथा युद्धका लागि साधन जुटाउने ।
- ★ सामुदायिक बचत वृद्धि गराउने इत्यादी ।

**बजेट घाटा पूर्ति गर्ने तरिका**

सामूदायिक बचत वृद्धि गराउन, आर्थिक मन्दीको सामना गर्न, राष्ट्रिय संकटको अवस्थामा तथा बेरोजगारीका समस्या हल गर्न आवश्यक रकमको व्यवस्था गर्न घाटा बजेट तर्जुमा गरिन्छ । घाटा बजेट नेपाल जस्ता अल्पविकसित मुलुकका लागि आवश्यकता र बाध्यता दुबै मानिन्छ । घाटा बजेट अवलम्बन गर्ने मुलुकहरूले बजेट घाटाको पूर्ति देहाय बमोजिमका तरिका अपनाई गर्ने गर्दछन् –

- ★ वैदेशिक जगेडा व्यवस्था विधि मार्फत बजेट घाटा पूर्ति,
- ★ देशको केन्द्रिय बैकबाट सरकारले ऋण लिएर,
- ★ केन्द्रिय बैकले नयाँ नोटहरूको निष्कासन गरेर,
- ★ सरकारी ऋणपत्रहरूको निष्काशन गरी आन्तरिक ऋण लिएर,
- ★ ऋणको विलम्बित भुक्तानी तथा वैदेशिक ऋण र अनुदान लिएर,
- ★ केन्द्रिय बैंकमा रहेको नगद मौज्दातबाट खर्च गरेर आदि ।

Question Bank Nepal

# अभ्यास प्रश्न सेट ५ समाधान सहित

## अभ्यास प्रश्न

**Section (A) - 10 Marks × 3 Questions = 30 Marks**

(१) संयुक्त राष्ट्रसंघ (UNO) स्थापनाको ऐतिहासिक पृष्ठभूमि बारे चर्चा गर्दै यस संगठनका प्रमुख अंगहरू कुन-कुन हुन् ? तिनको गठन र कार्य बारे चर्चा गनुहोस् ।

(२) मानव सुरक्षा अवधारणा भन्नाले के बुझ्नुहुन्छ ? राष्ट्रिय सुरक्षा नीति र प्रतिरक्षानीतिमा फरक छुट्याउदैं नेपालको राष्ट्रिय सुरक्षामा कस्ता खतराहरू विद्यमान रहेको देख्नुहुन्छ ? बुदाँगत रुपमा लेख्नुहोस् ।

(३) विश्वमा हाल कुन कुन शासन प्रणालीहरू प्रचलनमा रहेका छन् ? उल्लेख गर्दै तीमध्ये विश्वमा प्रचलित प्रमुख शासन प्रणालीबारे चिनारी दिनुहोस् ।

**Section (B) - 10 Marks × 2 Questions = 20 Marks**

(४) मौलिक हकको सन्दर्भमा नेपालको संविधान, २०७२, नेपालको अन्तरिम संविधान, २०६३ भन्दा कति फरक पाउनुहुन्छ ? उल्लेख गर्दै वर्तमान संविधानको धारा २२( २) मा उल्लेखित स्वंतन्त्रताको हकमा कस्तो कस्तो अवस्थामा मनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन पाउने व्यवस्था गरिएको छ ? चर्चा गर्नुहोस् ।

(५) लोकतन्त्र भन्नाले के बुझिन्छ ? लोकतन्त्रलाई मूलत : कति किसिममा विभाजन गरिएको पाउनुहुन्छ ? उल्लेख गर्दै प्रत्यक्ष लोकतन्त्र र अप्रत्यक्ष लोकतन्त्रबारेमा संक्षिप्तमा टिप्पणी लेख्नुहोस् ।

**Section (C) - 10 Marks × 3 Questions = 30 Marks**

(६) जनशक्ति योजना (Manpower Planning) भन्नाले के बुझ्नुहुन्छ ? नेपालको निजामती सेवामा जनशक्ति योजनाको कार्यान्वयन कसरी भएको छ ? उल्लेख गर्दै जनशक्ति योजनाको महत्वबारे प्रकाश पार्नुहोस् ।

(७) कर्मचारीतन्त्र भन्नाले के बुझ्नुहुन्छ ? Max Weber का अनुसार कर्मचारीतन्त्रका विशेषताहरू के-के हुन् ? उल्लेख गर्दै ती विशेषताहरू र नेपालको कर्मचारीतन्त्र वीच तुलना गर्नुहोस् ।

(८) सार्वजनिक नीति तर्जुमाका पद्दतिहरू के के हुन् ? उल्लेख गर्दै सार्वजनिक नीति विश्लेषण र यसका सिद्धान्तहरू बारे संक्षिप्तमा चर्चा गर्नुहोस् ।

**Section (D) - 10 Marks × 2 Questions = 20 Marks**

(९) कस्तो बजेटलाई लैंगिक उत्तरदायी बजेट भनिन्छ ? यस्तो बजेटको आवश्यकता र महत्व माथी प्रकाश पार्दै नेपालमा लैंगिक उत्तरदायी बजेट निर्माण तथा कार्यान्वयन सम्बन्धमा चर्चा गर्नुहोस् ।

(१०) लेखा प्रणालीका सर्वमान्य सिद्धान्त के-के हुन् ? उल्लेख गर्दै सरकारी स्रेस्ता/लेखाप्रणाली र व्यापारिक स्रेस्ता/लेखाप्रणालीबीच रहेका समानता तथा भिन्नताहरू औल्याउनुहोस् ।

## समाधान

**(१) संयुक्त राष्ट्रसंघ (UNO) स्थापनाको ऐतिहासिक पृष्ठभूमि बारे चर्चा गर्दै यस संगठनका प्रमुख अंगहरू कुन-कुन हुन् ? तिनको गठन र कार्य बारे चर्चा गनुहोस् ।**

**संयुक्त राष्ट्रसंघ (UNO) स्थापनाको ऐतिहासिक पृष्ठभूमि**

विश्वव्यापीकरणको अवधारणाले सम्पूर्ण विश्वलाई एउटै ग्रामको रुपमा परिणत गरेको आजको युगमा संयुक्त राष्ट्रसंघलाई महासरकार वा विश्व सरकारको रुपमा चर्चा परिचर्चा गरिन थालिएको पाईन्छ । सन् १९१४-१८ सम्म भएको प्रथम विश्वयुद्धले विश्व जनमानसमा उत्पन्न भय त्रासलाई हटाउन तथा भावी युद्धको सम्भावनालाई रोक्ने उद्देश्यले तत्कालीन अमेरिकी राष्ट्रपति वुड्रो विल्सनको सकृयातामा ४२ राष्ट्रहरू मिलेर १० जनवरी सन् १९२० मा राष्ट्रसंघ (League of Nations) को स्थापना भएको थियो । जर्मनीमा अति राष्ट्रवादी तथा विस्तारवादी भावनाका एडोल्फ हिटलरको उदय एवं राष्ट्रसंघको असफलताका कारण प्रथम विश्व युद्ध समाप्त भएको २० वर्ष पछि नै दोस्रो विश्वयुद्ध हुन गयो । यस महायुद्धमा जर्मनी सहितको एक्सिज पावरलाई संयूक्त राज्य अमेरिका सहितको एलाइज समूहले पराजित गर्न सफल भएको थियो । यूद्धको स्थिति वढ्दै गएकोमा विश्व शान्तिका लागि राष्ट्रसंघ भन्दा वढि शक्ति शाली अर्को संस्थाको स्थापना गर्ने सन्दर्भमा सन. १९४१ देखि देहायका प्रयास भएका थिए । जसको परिणाम स्वरुप २४ अक्टोवर १९४५ मा संयुक्त राष्ट्रसंघको स्थापना हुन पुग्यो ।

| संयुक्त राष्ट्रसंघ (UNO) स्थापनाका प्रयासहरू | |
|---|---|
| अन्तर्सम्बन्ध घोषणा १९४१ | एटलान्टिक चार्टर १९४१ |
| वासिङ्टन घोषणा, १९४२ | मस्को घोषणा, १९४३ |
| तेहरन घोषणा, १९४३ | |
| डम्बर्टन ओक्स सम्मेलन, १९४४ | |
| ब्रेटनउड्स संभौता, १९४४ | याल्टा सम्मेलन, १९४५ |
| सन् फ्रान्सिस्को सम्मेलन, १९४५ र यूएनओ स्थापना | |

Question Bank Nepal

सन् १९४५ को याल्टा सम्मेलनको निर्णय बमोजिम USA को सनफ्रान्सिस्कोमा सन् १९४५ अप्रिल २५ देखि जुन २५ सम्म एक वृहत सम्मेलन आयोजना गरी राष्ट्रले २६ जुन १९४५ मा UNO का वडापत्रमा हस्ताक्षर गरे । वडापत्रको धारा ११० अनुसार २४ अक्टोवर सन् १९४५ मा वडापत्र लागु भई संयुक्त राष्ट्रसंघ (UNO) को विधिवत स्थापना गरियो । यसरी स्थापना गरिएको विश्वव्यापी संगठन संयुक्त राष्ट्र संघका सदस्यता प्राप्त गर्नका लागि निम्न आधारहरू हुनुपर्ने कुरा संयुक्त राष्ट्र संघको बडापत्रले स्पष्ट गरेको पाईन्छ – सदस्य हुन चाहने राष्ट्र शान्तिप्रिय राष्ट्र हुनपर्ने, UNO को वडापत्रमा उल्लेखित दायित्वलाई स्वीकार गर्ने, वडापत्रमा उल्लेखित दायित्वहरू पुरा गर्न इच्छुक र सक्षम हुनुपर्ने, सुरक्षा परिषद्का पाँच स्थायी सदस्य सहित नौ सदस्यद्वारा सिफारिस र महासभाको दुई तिहाई वहुमतद्वारा अनुमोदन गरिनुपर्ने । संयुक्त राष्ट्र संघको वडापत्रमा उल्लेखित सिद्धान्तहरूको उल्लङ्घन गर्ने सदस्यहरूलाई निलम्बन वा निष्काशन गर्ने व्यवस्था UNO Chater मा उल्लेख छ । तर यस्तो कार्वाही अहिलेसम्म भएको छैन ।

**UNO का प्रमुख अंगहरूको गठन र कार्य**

संयुक्त राष्ट्रसंघ विश्वव्यापी एक खुला अन्तर्राष्ट्रिय संगठन हो । विश्व शान्तिका लागि स्थापित यस संगठनलाई महासरकार एवं विश्व सरकारका रुपमा पनि लिने गरिन्छ । यस संगठनमा तल तालिकामा प्रस्तुत गरे भैं ६ वटा प्रमुख अंगहरू रहेका छन् । तिनिहरूको बनोट र कार्य बारे तल संक्षिप्तमा उल्लेख गरिएको छ –

| UNO का प्रमुख अंगहरू |
|---|
| (१) महासभा (General Assembly) , |
| (२) सुरक्षा परिषद (Security Council), |
| (३) आर्थिक तथा सामाजिक परिषद (Economic & Social Council), |
| (४) अन्तर्राष्ट्रिय अदालत (International Court of Justice), |
| (५) जिम्मा जमानी परिषद (Trusteeship Council) र |
| (६) संयुक्त राष्ट्र संघको सचिवालय (Secretarial) |

**(१) महासभा (General Assembly)** - यो संयुक्त राष्ट्र संघको व्यवस्थापिका सभा हो । यसमा सबै सदस्य राष्ट्रबाट ५/५ जना प्रतिनिधी रहने व्यवस्था भए पनि मतदान गर्दा भने १ राष्ट्रबाट १ मत मात्र प्रदान गर्न पाइन्छ । महासभाको बैठक प्रत्येक वर्षको सेप्टेम्बर महिनाको तेस्रो मंगलबारदेखि सुरु हुन्छ । महत्वपूर्ण विषयमा निर्णय गर्दा दुई तिहाई वहुमतबाट सम्बोधन गर्नु पर्दछ । यस अंगका काम, कर्तव्य र अधिकार निम्न छन् :-

- संयुक्त राष्ट्र संघको महासचिवको नियुक्ति गर्ने ।
- १५ जना अन्तर्राष्ट्रिय अदालतका न्यायाधीशको नियुक्ति गर्ने ।
- सुरक्षा परिषद्का १० अस्थायी सदस्यहरूको नियुक्ति गर्ने ।
- आर्थिक तथा सामाजिक परिषद्का ५४ सदस्यहरूको नियुक्ति गर्ने ।
- संयुक्त राष्ट्रसंघको बजेट पारित गर्ने ।
- महासभा अन्तर्गतका समितिका प्रमुखहरूको नियुक्ति गर्ने ।
- अन्तर्राष्ट्रिय मामलाहरूमा विचार विमर्श गरी उचित निर्णय गर्ने ।
- संयुक्त राष्ट्र संघका चार्टर संशोधन गर्ने काम पनि महासभाले नै गर्दछ ।

महासभाको कार्यालय सुव्यवस्थित ढंगले सञ्चालन गर्नका लागि यस अन्तर्गत देहायका छ वटा समिति रहेका छन् । (१) सामाजिक, मानवीय र सांस्कृतिक समिति (२) आर्थिक वित्तीय समिति, (३) सामाजिक, मानवीय र सांस्कृतिक समिति, (४) विशेष राजनीतिक समिति, (५) प्रशासकीय तथा बजेट समिति (६) कानून समिति ।

**(२) सुरक्षा परिषद् (Security Council)** - संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्मा १५वटा सदस्य राष्ट्र रहन्छन् । जसमध्ये अमेरिका, रुस, बेलायत, फ्रान्स र चीन गरी ५ देश स्थायी सदस्य राष्ट्र हुन् भने अन्य १० अस्थायी सदस्य राष्ट्रहरू भने महासभाको दुईतिहाई वहुमतको आधारमा २ वर्षका लागि छानिन्छन् । यी १० वटा सदस्य भौगोलिक क्षेत्रका आधारमा तल दिईए अनुसार छानिन्छन् । यस परिषद्का ५ वटा स्थायी सदस्य राष्ट्र मध्ये जुनसुकै राष्ट्रले कुनै विषयमा असहमत भएमा भिटो (Veto) प्रयोग गर्न सक्दछ । अन्तर्राष्ट्रिय क्षेत्रमा शान्ति कायम राख्ने मूल जिम्मेवारी पाएको यस अंगका प्रमुख काम, कर्तव्य र अधिकार निम्न छन् :-

- शन्तिपूर्ण सम्झौताको माध्याम वा आर्थिक तथा कुटनीतिक र सैनिक कारवाही गरी दुई प्रकारका

Question Bank Nepal

आदेशात्मक कारवाहीको माध्यामबाट अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा स्थापना गर्ने ।

- अन्तर्राष्ट्रिय संघर्ष समाप्त गर्नका लागि झगडाको स्वतन्त्र छानबिन गर्ने ।
- कुनै पनि राष्ट्रलाई संयुक्त राष्ट्र संघको सदस्यताका लागि सिफारिस गर्ने ।
- महासभामा वार्षिक र विशेष प्रतिवेदन पेश गर्ने ।
- UNO का महासचिव तथा ICJ का न्यायाधीशको नियुक्तिको लागि सिफारिस गर्ने ।
- अस्त्र नियन्त्रणका सम्बन्धमा योजना बनाउने कार्य ।
- महासभाका सदस्यहरू संग मिलेर संयुक्त राष्ट्रसंघको बडापत्रमा संशोधन गर्ने ।

सुरक्षा परिषद्का प्रत्येक सदस्यहरूलाई १ मत दिने अधिकार हुन्छ । कार्यविधि सम्बन्धी प्रश्नमा परिषद्का १५ सदस्य मध्ये ९ सदस्यको सकारात्मक मतका आधारमा निर्णय दिइन्छ । तर महत्वपूर्ण र विशिष्ट विषयमा भने ५ वटा स्थायी सदस्य राष्ट्रहरूको सहमतिपूर्ण मत लगायत ९ मतको आधारमा निर्णय लिइन्छ । संयुक्त राष्ट्र संघको सुरक्षा परिषद् मात्र यस्तो अंग हो जसको निर्णय बाध्यात्मक हुन्छ ।

(३) **आर्थिक तथा सामाजिक परिषद् (Economic & Social Council) -** संयुक्त राष्ट्र संघको यस अंगबारेमा जानकारी लिनको लागि प्रश्न नं. ४ को उत्तर हेर्नुहोला ।

(४) **जिम्मा जमानी परिषद् (Trusteeship Council) -** अन्य राष्ट्रहरूको उपनिवेशमा रहेका राष्ट्रहरू तथा स्वतन्त्रता प्राप्त गर्न क्रियाशिल राष्ट्रहरूलाई स्वतन्त्रता दिलाउन प्रयत्न गर्नु एवम् आफैं शासन गर्न असक्षम राष्ट्रहरूलाई आफैं शासन सञ्चालन गर्न योग्य सक्षम बनाउने सहयोग गर्नु यस परिषद्को मुख्य कार्य क्षेत्र हो । यस परिषद्का सदस्यहरूमा सुरक्षा परिषद्का ५ स्थायी राष्ट्रहरू तथा जिम्मा क्षेत्रमा (Trust Areas) मा शासन/प्रशासन चलाउने राष्ट्रहरू र महासभाबाट निर्वाचित अन्य सदस्यहरू रहन्छन् । प्रारम्भमा यस्ता संरक्षण इलाका ११ वटा रहेकोमा संयुक्त राष्ट्र संघको यो अंगले मात्र आफुलाई सुम्पिएको सम्पूर्ण कार्य शतप्रतिशत पूरा गर्न सफल भएको छ ।

(५) **अन्तर्राष्ट्रिय अदालत (International Court of Justice) -** संयुक्त राष्ट्रसंघको न्यायपालिका को रुपमा रहेको यस अदालतमा सुरक्षा परिषद्द्वारा निर्वाचित १५ जना न्यायाधीशहरू रहन्छन् । यी न्यायाधीशरुको कार्यकाल ९ वर्षको हुन्छ । कार्यावधि सकिएपछि पुनः नियुक्त हुन पनि सक्दछ । आफूमध्येबाट ३ वर्षको लागि १ जना अध्यक्ष चुनिन्छन् । अन्तर्राष्ट्रिय जगतका कानूनी विवाद र मामिलाहरूमा वैधानिक फैसला गर्ने यस अदालतको फैसला प्रक्रियामा १५ मध्ये ९ जना न्यायाधीशको सहमति आवश्यकता पर्दछ । यसको प्रधान कार्यालय नेदरल्याण्डको हेगमा छ ।

(६) **सचिवालय (Secretarial):-** संयुक्तराष्ट्र संघको प्रमुख प्रशासनिक कार्यालय र प्रमुख इकाइ नै सचिवालय हो । राष्ट्र संघका सम्पूर्ण प्रशासनिक कार्यहरू सचिवालयबाट नै हुन्छन् । सुरक्षा परिषद्को सिफारिसमा महासभाद्वारा ५ वर्षका लागि महासचिवको नियुक्त गरिन्छ । महासचिवलाई प्रशासनिक कार्यमा सहयोग गर्न आवश्यक पर्ने कर्मचारीहरू पनि रहन्छन् । यस सचिवालय अन्तर्गत करिव २५ हजार कर्मचारी रहेका हुन्छन् । जसमध्ये ७ हजार जति न्युयोर्क स्थित प्रधान कार्यालयमा र अन्य विश्वभरिका शाखा कार्यालयहरू, सूचना केन्द्र र नियोगहरूमा रहेको छन् । संयुक्त राष्ट्रसंघमा हालसम्म ८ जना महासचिव नियुक्त भए । तिनको नाम, देश र कार्यावधि देहायनुसार रहेको छ :-

| संयुक्तराष्ट्र संघका महासचिव |
|---|
| १. ट्रिग्वेली, नर्वे (सन् १९४६ – ५३) |
| २. ड्याग ह्यामरशोल्ड, स्वीडेन (सन् १९५३ – ६१) |
| ३. उथान्त, म्यानमार (सन् १९६१ – ७१) |
| ४. कुर्त वाइल्ड हाइम, अस्ट्रिया (सन् १९७१ – ८१) |
| ५. हयाभियर पेरेज दर कोइयार, पेरु (सन् १९८१ – ९१) |
| ६. डा. बुत्रोस बुत्रोस घाली, इजिप्ट (सन् १९९१ – ९६) |
| ७. कोफी अन्नान, घाना (सन् १९९७ – २००७) |
| ८. वान की मुन, दक्षिण कोरिया (सन् २००७ जनवरी १ देखि हालसम्म) |

**(२) मानव सुरक्षा अवधारणा भन्नाले के बुझ्नुहुन्छ ? राष्ट्रिय सुरक्षा नीति र प्रतिरक्षानीतिमा फरक छुट्याउदैं नेपालको राष्ट्रिय सुरक्षामा कस्ता खतराहरू विद्यमान रहेको देख्नुहुन्छ ? बुदाँगत रुपमा लेख्नुहोस् ।**

**राष्ट्रिय सुरक्षाको सन्दर्भमा मानव सुरक्षा अवधारणा**

राष्ट्रिय सुरक्षा सम्बन्धी नवीनतम मानव सुरक्षा सम्बन्धी अवधारणाले राज्यको सुरक्षामा केन्द्रित रहेको परम्परागत राष्ट्रिय सुरक्षा सम्बन्धी अवधारणांलाई चुनौती दिँदै सुरक्षा राज्यप्रति होइन व्यक्तिप्रति केन्द्रित हुनु पर्दछ भन्ने मान्यतालाई जोड दिन्छ । यस अवधारणाले राज्य सुरक्षित हुँदैमा नागरिक

Question Bank Nepal

सुरक्षित हुन्छ भन्न सकिँदैन, तसर्थ जनता केन्द्रित सुरक्षा नै राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी स्थायित्वको लागि जरुरी हुने मान्यता राख्दछ । यस अवधारणाका पक्षपातीहरूले विगतको विश्व इतिहासलाई हेर्दा विश्वका धेरै मुलुकमा राज्य सुरक्षित भएर पनि राज्य आफैले विभिन्न निहुँमा नागरिकहरूलाई नरसंहार गरेको, उचित संरक्षण नगरेको यथार्थतालाई अंगाडि ल्याउने गर्दछन् ।

मानव सुरक्षा अवधारणाले सुरक्षाको पहिलो हकदार नागरिकहरू (मानव) हुन् र यिनैको सुरक्षामा नै राष्ट्रिय, क्षेत्रीय तथा विश्वव्यापी सुरक्षाले स्थायित्व पाउँछ भन्ने कुरालाई जोडदार रुपमा अगाडि सार्दछ । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको १९९४ को प्रतिवेदनलाई मानव सुरक्षा सम्बन्धी अवधारणाको सन्दर्भमा कोशे ढुंगाका रुपमा लिइन्छ । उक्त प्रतिवेदनले मानव सुरक्षालाई परिभाषित गर्ने क्रममा व्यक्तिको निम्न सात वटा क्षेत्रगत चुनौतीहरूलाई विश्व सुरक्षाको दायरा भित्र विस्तृतीकरण गर्नुपर्ने उल्लेख गरेको छ –

- ★ व्यक्तिगत सुरक्षा (Personal Security):- (भयबाट मुक्ति तथा भौतिक शरीरको सुरक्षा)
- ★ समूहगत सुरक्षा (Community Security):- (समूहको परम्परागत संस्कृतिको सुरक्षा तथा जोखिममा रहेका समूहको संरक्षण)
- ★ राजनैतिक सुरक्षा (Political Security):- (नागरिक तथा राजनैतिक अधिकारको सुरक्षा)
- ★ खाद्य सुरक्षा (Food Security):- (भोकबाट मुक्ति वा खाद्यमा सुरक्षित पहुँच)
- ★ आर्थिक सुरक्षा (Economic Security):- (गरिबीबाट मुक्ति)
- ★ स्वास्थ्य सुरक्षा (Health Security):- (संक्रमणजन्य रोगविरुद्ध सुरक्षित रहने र त्यसको उपचारमा पहुँच)
- ★ वातावरणीय सुरक्षा (Environmental Security):- (प्रदुषणबाट मुक्ति तथा अनविकरणीय स्रोत विनासबाट संरक्षण)

उक्त प्रतिवेदनले माथि उल्लेखित मानव सुरक्षासम्बन्धी सप्त तत्वको मात्र चर्चा नगरी मानव समाजमा गहिरो गरी जारा गाडेर बसेका अनियन्त्रित जनसंख्या वृद्धि, आर्थिक अवसरमा असमानता, वातावरणीय विनास, लागुऔषध उत्पादन तथा ओसारपसार, तीव्र अन्तर्राष्ट्रिय आप्रवासन, अन्तर्राष्ट्रिय आतंकवाद जस्ता कारणहरूले गर्दा समाजमा द्वन्द्व सिर्जना भई माथि उल्लेखित मानव सुरक्षा सम्बन्धी सप्त तत्वहरू माथि जोखिम आउँन सक्ने हुँदा त्यसतर्फ समग्र विश्वको समयमै ध्यान जानु जरुरी रहेको समेत सो प्रतिवेदनमा उल्लेख गरिएको थियो ।

### राष्ट्रिय सुरक्षा नीति र प्रतिरक्षानीतिमा फरक


| राष्ट्रिय सुरक्षा नीति | राष्ट्रिय प्रतिरक्षा नीति |
|---|---|
| (१) कुनै पनि राज्यले राज्य र जनताको सर्वाङ्गिण सुरक्षाको प्रत्याभूतिका लागि तयार पारेको बृहत योजना, रणनीति र अवधारणा नै राष्ट्रिय सुरक्षा नीति भनिन्छ । | (१) राष्ट्रिय सुरक्षा नीतिमा प्रतिविम्बित उद्देश्य प्राप्तिको निमित्त राष्ट्रले अवलम्बन गर्ने कार्य पद्धती नै राष्ट्रिय प्रतिरक्षा नीति भनिन्छ । |
| (२) राष्ट्रिय सुरक्षा नीति राज्यमा रहेका समस्त शक्तिका साधनहरू, अन्तर्राष्ट्रिय, क्षेत्रिय र आन्तरिक सुरक्षा वातावरण, राज्यले लिएका लक्ष्य र उद्देश्यहरू तथा परिभाषित अति महत्वपूर्ण र महत्वपूर्ण राष्ट्रिय हितका विषयहरूका आधारमा तयार पारिएको हुन्छ । | (२) राष्ट्रिय प्रतिरक्षा नीति राज्यको समग्र सुरक्षाको लागि वाह्य आक्रमण/सैनिक हस्तक्षेप र आवश्यक परेमा आन्तरिक खतराको सामना गर्ने साथै विकास कार्यमा सघाउ तथा सुरक्षा पुऱ्याई देशलाई विश्वसनीय रुपमा सामर्थ्यवान र दरिलो बनाउने विषयका आधारमा तयार पारिएको हुन्छ । |
| (३) राष्ट्रिय सुरक्षा नीतिको क्षेत्र राष्ट्रिय प्रतिरक्षा नीतिको क्षेत्र भन्दा व्यापक हुन्छ, अर्थात् राष्ट्रिय प्रतिरक्षा नीति राष्ट्रिय सुरक्षा नीति अन्तर्गत नै पर्दछ । | (३) राष्ट्रिय प्रतिरक्षा नीतिको क्षेत्र राष्ट्रिय सुरक्षा नीतिको क्षेत्र भन्दा संकुचित हुन्छ, अर्थात् राष्ट्रिय प्रतिरक्षा नीति राष्ट्रिय सुरक्षा नीतिको एक पाटो मात्र भएकोले यसले सम्पूर्ण रुपमा राष्ट्रिय सुरक्षा नीति लाई समेटन सक्दैन । |
| (४) राष्ट्रिय सुरक्षा नीति आधुनिक राष्ट्रिय सुरक्षा अवधारणा/मानव सुरक्षा अवधारणासंग सम्बन्धित रहेको पाईन्छ । | (४) राष्ट्रिय प्रतिरक्षा नीति परम्परागत राष्ट्रिय सुरक्षा अवधारणाको नजिक रहेको जस्तो देखिन्छ । |

### नेपालको राष्ट्रिय सुरक्षामा रहेका खतराहरू

अन्तर्राष्ट्रिय आतंकवादले गाँजेको आजको विश्वमा शक्तिशाली देश पनि पूर्ण रुपमा सुरक्षित छन् भन्न सकिने

Question Bank Nepal

स्थिति छैन । जसको उदाहरणको रुपमा संसारको महाशक्ति राष्ट्र संयुक्त राज्य अमेरिकामा सन् २००१ सेप्टेम्वर ११ मा भएको आतंकवादी आक्रमणलाई लिन सकिन्छ । वर्तमान समयमा नेपाल लगायत प्राय सबै देशका जनता कुनै न कुनै रुपमा मानव सृजित युद्ध, कलह, आतंक विद्रोह अपराध आदिबाट प्रभावित छन् । हरेक राष्ट्रले पूर्ण सुरक्षाको चाहना गरे पनि पूर्ण सुरक्षा प्राप्त गर्न असम्भव प्राय भएकोले हरेक राष्ट्रले आफ्नो राष्ट्रिय सुरक्षाको लागि निरन्तर प्रयत्नशिल रहनु पर्ने हुन्छ । एक दशकको लामो अन्तरिक शसस्त्र द्वन्द्व पूर्ण रुपमा व्यवस्थापन नभई सकेको (संक्रमणकाल) वर्तमान समयमा नेपालको राष्ट्रिय सुरक्षामा निम्न किसिमका खतराहरू विद्यमान रहेको देखिन्छ ।




संक्रमणकालिन समय लम्बिदै गएको वर्तमान नेपालको राष्ट्रिय सुरक्षामा अस्थिर राजनैतिक वातावरण, विद्यमान गरिवी तथा पछौटेपन, जातीय आन्दोलन, वर्षेनी खेप्नु पर्ने उर्जा संकट, खुला सिमाना, अपराधीहरूले ट्रान्जिट प्वाइट बनाउनु जस्ता पक्षहरू प्रमुख खतराको रुपमा रहेको पाईन्छ । तसर्थ राष्ट्रिय सुरक्षाका ती खतराहरू संग राज्य र आम नागरिक समयमै सचेत भई उपयुक्त कदम चाल्नु पर्ने आजको आवश्यकता बनेको छ ।

**(३) विश्वमा हाल कुन कुन शासन प्रणालीहरू प्रचलनमा रहेका छन् ? उल्लेख गर्दै तीमध्ये विश्वमा प्रचलित प्रमुख शासन प्रणालीबारे चिनारी दिनुहोस् ।**

**विश्वमा प्रचलित प्रमुख शासन प्रणाली**

विश्वमा शासन प्रणालीका विभिन्न स्वरुपहरू प्रयोगमा रहेको पाईएता पनि संवैधानिक कानून एवं राजनितिशास्त्रका ज्ञाताहरू समेतको विचारका आधारमा सामान्यतयाविश्वमा प्रचलित प्रमुख शासन प्रणालीहरू देहाय बमोजिम रहेको पाईन्छ –

| विश्वमा प्रचलित शासन प्रणालीका विभिन्न स्वरुपहरू | |
|---|---|
| संसदीय शासन प्रणाली | जापान, नर्वे, बेलायत, नेपाल, भारत आदि मुलुकको शासन प्रणाली । |
| राष्ट्रपतीय शासन प्रणाली | यूएसए, मेक्सिको, अर्जेन्टिना, ब्राजिल, इन्डोनेशिया, फिलिपिन्स आदि मुलुकको शासन प्रणाली । |
| मिश्रित शासन प्रणाली | फ्रान्स, श्रीलंका, फिनल्याण्ड, पेरू, रोमानिया, रूस, ताइवान आदि मुलुकको शासन प्रणाली । |
| सैन्यप्रधान्य शासन प्रणाली | म्यान्मार, ततकालिन लिविया आदि मुलुकको शासन प्रणाली । |
| साम्यवादी (एकपार्टी) शासन प्रणाली | चीन, क्युबा, उत्तर कोरिया, भियतनाम आदि मुलुकको शासन प्रणाली । |
| धार्मिक शासन प्रणाली | भ्याटिकन सिटी, इरान आदि मुलुकको शासन प्रणाली । |
| निरकुंश राजतन्त्रात्मक शासन प्रणाली | साउदी अरेविया, वहराइन, भुटान, ब्रुनाई, यूएई आदि मुलुकको शासन प्रणाली । |

विश्वमा प्रचलित शासन प्रणालीका विभिन्न स्वरुपहरू मध्ये बढी प्रचलित प्रमुख तीन स्वरुप Parliamentry System of Government, Presidential System of Government र Mexed or Semi-Presidential System of Government हुन् । ती ३ शासन प्रणालीमध्ये नेपालले समेत अवलम्बन गरिरहेको संसदीय शासन प्रणालीबारे माथि नै चर्चा गरिएकोले यहाँ राष्ट्रपतीय शासन प्रणाली र मिश्रित शासन प्रणालीबारेमा मात्र चिनारी प्रस्तुत गरिएको छ –

**राष्ट्रपतीय शासन प्रणाली (Presidential System of Government)**

राज्यका प्रमुख तीन अंगहरू कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका मध्ये कार्यकारिणी प्रधान रहने प्रणालीलाई अध्यक्षात्मक/राष्ट्रपतीय शासन प्रणाली (Presidential System of Government) भनिन्छ । यस्तो शासन प्रणालीमा सरकारप्रमुख र राष्ट्रप्रमुख एउटै व्यक्ति हुने गर्दछ र ऊ जनताको प्रत्यक्ष मतबाट निर्वाचित भएको हुन्छ । कुनै मुलुकमा जनताले राष्ट्रपतिलाई सोझै मत दिने व्यवस्था रहेको पाईन्छ, भने कुनै मुलुकमा राष्ट्रपतिलाई निर्वाचन गर्ने प्रयोजनका लागि जनताले निर्वाचकमण्डललाई निर्वाचित गर्ने निर्वाचकमण्डलले राष्ट्रपतिको निर्वाचन गर्ने व्यवस्था रहेको पाईन्छ ।

निर्वाचकमण्डल मार्फत राष्ट्रपतिको निर्वाचन गर्ने व्यवस्था संयुक्त राज्य अमेरिकामा रहेको पाईन्छ । राष्ट्रपतिको



Question Bank Nepal

निर्वाचन प्रयोजनका लागि निर्वाचित निर्वाचक मण्डलको राष्ट्रिय विधायिकासँग कुनै सम्बन्ध हुँदैन । यस्तो प्रणालीमा मुलुकको सम्पूर्ण कार्यकारी शक्ति राष्ट्रप्रमुखमा नै रहेको हुन्छ ऊ संसदीय व्यवस्थाको जस्तो नाम मात्रको राष्ट्रप्रमुख हुँदैन । शक्ति पृथकीकरणको सिद्धान्त तुलनात्मक रुपमा बढी प्रयोग हुने यस शासन प्रणालीमा राष्ट्रप्रमुख व्यवस्थापिका प्रति प्रत्यक्ष रूपमा उत्तरदायी हुँदैन र ऊ संसदको सदस्य पनि हुँदैन । कार्यपालिका र व्यवस्थापिकाले विशेष अवस्थामा बाहेक परस्परमा स्वतन्त्र रूपमा कार्य गर्दछन् । सामान्य अवस्थामा एक अङ्गमाथि अर्को अङ्गको नियन्त्रण रहेको हुँदैन । अमेरिकी महादेशका अधिकांश मुलुकहरूले यस पद्धतिको अवलम्बन गरेको हुँदा राजनीति शास्त्रीहरूले अमेरिकालाई 'राष्ट्रपतीय पद्धतिको महादेश' (Continent of Presidentialism) भन्ने गरेको पनि पाइन्छ । अहिले विश्वमा संयुक्त राज्य अमेरिका, मेक्सिको, अर्जेन्टिना, ब्राजिल, कोस्टारिका, इन्डोनेशिया, फिलिपिन्स लगायतका ५० भन्दा बढी देशहरूले पूर्ण रूपको राष्ट्रपतीय शासन प्रणालीको अवलम्बन गरेका पाईन्छ ।

| राष्ट्रपतीय शासन प्रणालीका सवल पक्षहरू |
|---|
| + राष्ट्र प्रमुख र व्यवस्थापिकाको निर्वाचन एक अर्काबाट पूर्ण रूपमा स्वतन्त्र रहने र दुई निकायले समानान्तर रूपमा आ–आफ्नो कार्यक्षेत्रमा स्वतन्त्र रूपले कार्य सञ्चालन गर्न सक्ने (वास्तविक रूपमा शक्तिको पृथकीकरण), |
| + पृथकीकरणका साथसाथै यस पद्धतिमा नियन्त्रण र सन्तुलनको अवस्था समेत बढी प्रभावकारी हुने ( शक्तिको पृथकीकरण तथा नियन्त्रण र सन्तुलन), |
| + राष्ट्रप्रमुख जनताको प्रत्यक्ष र लोकप्रिय मतद्वारा निर्वाचित हुने हुनाले ऊ प्रत्यक्ष रूपमा जनताप्रति उत्तरदायी हुने (जनताप्रति उत्तरदायी), |
| + कार्यकारी अधिकार सम्पन्न राष्ट्रप्रमुख र विधायिकाका सदस्यहरूको अलग अलग निर्वाचन हुने हुनाले मतदातालाई कार्यपालिका र विधायिकामा अलग अलग छनौटको अवसर रहने (अलग अलग छनौटको अवसर), |
| + यस पद्धतिमा एउटा मात्र शक्ति केन्द्र रहने हुनाले यस प्रणाली भएका मुलुकहरूमा सरकारको काम कारवाही शीघ्रातिशीघ्र हुने अवस्था रहने (कार्यसंपादनमा शीघ्रता) आदि । |

| राष्ट्रपतीय शासन प्रणालीका दुर्वल पक्षहरू |
|---|
| + राष्ट्रप्रमुखलाई सजिलैसँग पदबाट मुक्त गर्न नमिल्ने हुनाले ऊ आफ्नो पदावधि समाप्त नभएसम्मका लागि कार्य गर्न स्वच्छन्द हुने र कसैको नियन्त्रणमा नरहने हुँदा स्वेच्छाचारी हुने सम्भावना रहने (राष्ट्रप्रमुखको निरंकुशता), |
| + एकपटक निर्वाचित भइसकेको राष्ट्रप्रमुखलाई दलले फिर्ता बोलाउन नसक्ने हुँदा ऊ दलीय अनुशासनभन्दा माथि रहने हुँदा निरंकुश बन्न सक्ने (दलीय व्यवस्थामा संकट), |
| + व्यवस्थापिका र कार्यपालिकाले एकअर्काबाट स्वतन्त्र रही कार्य गर्ने र प्रत्यक्ष रूपमा एक अर्काप्रति उत्तरदायी नहुने हुँदा दुई अङ्गबीच शक्ति संघर्ष चर्कने सम्भावना रहने (आंगिक शक्ति संघर्ष), |
| + राष्ट्रपतीय पद्धतिमा एउटा व्यक्तिबाट अर्को व्यक्तिमा सहज रूपमा नेतृत्व हस्तान्तरण हुन गाह्रो हुने अवस्था (सत्ता हस्तान्तरणमा समस्या) आदि । |

**मिश्रित शासन प्रणाली (Mixed System of Government)**

मुलुकको कार्यकारिणी अधिकारको प्रयोग राष्ट्रप्रमुख र सरकारप्रमुख दुबैले गर्ने गरी विभाजन गरिएको शासन प्रणालीलाई मिश्रित शासन प्रणाली (Mixed System of Government) भनिन्छ । यस पद्धतिमा संसदीय पद्धति र अध्यक्षात्मक पद्धतिका विशेषताहरू मिश्रित हुने हुनाले मिश्रित प्रणाली भन्ने गरिएको हो । फ्रान्समा पाँचौ गणतन्त्र (The Fifth French Republic, 1958) स्थापना भएपछि सर्वप्रथम फ्रान्स बाट नै त्यहाँ यस प्रकारको पद्धतिको शुरूवात भएको मानिन्छ ।

यस्तो शासन पद्धति अंगाल्ने मुलुकहरूमा सामान्यतया प्रत्यक्ष रूपमा निर्वाचित राष्ट्रप्रमुख र संसदको बहुमत प्राप्त व्यक्ति सरकारप्रमुख हुने गर्दछ । यी दुई प्रमुखहरूले संपादन गर्ने गरी कार्यकारिणी शक्तिको विभाजन गर्ने गरिन्छ । कार्यकारिणी शक्ति एक्लै प्रयोग गर्न नपाउने भएपनि राष्ट्रप्रमुख प्रत्यक्ष रूपमा निर्वाचित हुने भएकाले स्वभाविक रूपमा सरकारप्रमुख प्रधानमन्त्रीको तुलनामा राष्ट्रप्रमुख राष्ट्रपती को पद महत्वपूर्ण मानिन्छ । यस्तो मिश्रित शासन प्रणाली हाल फ्रान्स, श्रीलंका, फिनल्याण्ड, पोर्चुगल, पेरू, रोमानिया, रूस, मंगोलिया, ताइवान, युक्रेनलगायत विश्वका ४० भन्दा बढी मुलुकहरूले अंगिकार गरेका पाईन्छ ।

यस पद्धतिमा राष्ट्रप्रमुख र व्यवस्थापिकाको निर्वाचन स्वतन्त्र रूपमा अलग अलग हुन्छ । राष्ट्रप्रमुखको चयन र पदमुक्तिमा सामान्यतया व्यवस्थापिकाको कुनै भूमिका नरहने भएपनि सरकारप्रमुखको चयन र पदमुक्तिमा व्यवस्थापिकाको महत्वपूर्ण अर्थात् निर्णायक भूमिका रहन्छ । यस पद्धतिमा द्वैध प्रकृतिको कार्यकारिणी हुने भएकाले राष्ट्रप्रमुख र सरकारप्रमुखकाबीचमा कार्यकारी शक्तिको बाँडफाँड कसरी

Question Bank Nepal

हुने भन्ने कुरामा विभिन्न देशहरूको आ-आफ्नै प्रचलन रहेको पाइन्छ । विभिन्न मुलुकको संवैधानिक अभ्यासका आधारमा यस्तो मिश्रित पद्धतिलाई पनि देहाय बमोजिम दुई प्रकारमा विभाजन गर्ने गरिएको पाइन्छ –

(क) **प्रधानमन्त्री-राष्ट्रपतीय (Premier-Presidential) व्यवस्था** – प्रधानमन्त्री हटाउने सम्बन्धी स्वविवेकीय अधिकार राष्ट्रपतिलाई नभएको र व्यवस्थापिकाले अविश्वासको प्रस्तावको माध्यमद्वारा प्रधानमन्त्रीलाई हटाउन सक्ने व्यवस्था भएको मिश्रित शासन प्रणाली ।

(ख) **राष्ट्रपति-संसदीय (President-Parliamentary) व्यवस्था** – प्रधानमन्त्रीलाई राष्ट्रपतिले स्वविवेकीय अधिकारका माध्यमद्वारा हटाउन सक्ने र व्यवस्थापिकाले अविश्वासको प्रस्तावको माध्यमद्वारा प्रधानमन्त्रीलाई हटाउन नसक्ने व्यवस्था भएको मिश्रित शासन प्रणाली ।

| मिश्रित शासन प्रणालीका सबल पक्षहरू |
|---|
| ▫ एकसाथ संसदीय र राष्ट्रपतीय शासन प्रणालीका गुणहरू समाष्टि गरिएको |
| ▫ राष्ट्रपतिका रुपमा राजनीतिक स्थायित्वको शक्ति केन्द्रको व्यवस्था |
| ▫ प्रधानमन्त्रीका रुपमा मुलुकको दैनिक शासन सञ्चालन गर्ने संस्थाको व्यवस्था |
| ▫ एकसाथ जननिर्वाचित र अधिकार सम्पन्न दुई रहने हुँदा राजनीतिक सन्तुलन कायम हुने |
| ▫ राज्यका विभिन्न राजनीतिक शक्तिहरूलाई राजनीति गर्ने फराकिलो धरातलको व्यवस्था |

| मिश्रित शासन प्रणालीका दुर्वल पक्षहरू |
|---|
| ▫ वर्ण शंकर यस प्रणालीमा एकसाथ संसदीय र राष्ट्रपतीय प्रणालीका अवगुण अगाडि आउन सक्ने, |
| ▫ कार्यकारिणी अधिकार प्रयोग गर्ने दुई शक्ति (राष्ट्रपति र प्रधानमन्त्री) भिन्ना भिन्नै दलको भएमा सँदैव द्वन्द्वको सम्भावना रहने, |
| ▫ अत्याधिक राजनीतिक र संवैधानिक गतिरोध हुने खतरा रहने, |
| ▫ कार्यकारिणी अधिकारले युक्त दुई संस्थाहरू हुने हुँदा कार्यकारिणी अंग खर्चिलो हुने, |
| ▫ राष्ट्रपति र प्रधानमन्त्री फरक फरक दलको भएको अवस्थामा राजनीतिक असमझदारीले गर्दा मुलुकको सर्वाङ्गीण विकास निर्माण प्रक्रिया नै अवरुद्ध हुन सक्ने । |

**(४) मौलिक हकको सन्दर्भमा नेपालको संविधान, २०७२, नेपालको अन्तरिम संविधान, २०६३ भन्दा कति फरक पाउनुहुन्छ ? उल्लेख गर्दै वर्तमान संविधानको धारा २२(२) मा उल्लेखित स्वतन्त्रताको हकमा कस्तो कस्तो अवस्थामा मनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन पाउने व्यवस्था गरिएको छ ? चर्चा गर्नुहोस् ।**

**मौलिक हक सन्दर्भमा अन्तरिम संविधान भन्दा वर्तमान संविधानमा फरक**

नेपालमा विगतमा भएका क्रान्ति र आन्दोलनबाट प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्न संविधान सभाबाट नयाँ संविधान नबने सम्मको लागि राजनैतिक सहमतिबाट तयार भई नेपालको संविधान, २०७२ वि.सं. २०६३ माघ १ गते बाट लागू भएको थियो । यो संविधानमा २५ भाग १६७ धाराहरू मध्ये भाग ३ धारा १२ देखि ३२ सम्म मौलिक हकहरूको व्यवस्था गरिएको थियो । त्यस्तै गरी संविधान सभाबाट निर्माण गरी वि.सं. २०७२ असोज ३ गतेबाट लागू भएको नेपालको संविधान, २०७२ मा रहेका ३५ भाग ३०८ धाराहरूमध्ये भाग ३ धारा १६ देखि ४८ सम्म मौलिक हक र कर्तव्यको व्यवस्था गरिएको पाइन्छ । यी दुवै संविधानहरू बीच मौलिक हकको सन्दर्भमा मूलतः देहाय बमोजिमका फरक पाइन्छ :-

(१) **मौलिक हकको संख्या एवं प्रावधानमा व्यापकता :-** मौलिक हक सन्दर्भमा नेपालको अन्तरिम संविधान, २०६३ भन्दा वर्तमान संविधान व्यापक रहेको पाइन्छ । अन्तरिम संविधानले जम्मा २१ ओटा मौलिक हकहरुको व्यवस्था गरेकोमा नेपालको संविधान, २०७२ ले ३१ ओटा मौलिक हकहरुको ग्यारेन्टी गरेको छ । यस संविधानले अन्तरिम संविधान भन्दा अगाडि बढ्दै सम्मानपूर्वक बाँच्न पाउने हकलाई स्वतन्त्रता सम्बन्धी हकबाट पृथक गरी छुट्टै हकको रुपमा स्थापित गरेको पाइन्छ । त्यस्तै गरी अपराध पीडितको हक, खाद्य सम्बन्धी हक, दलितको हक, जेष्ठ नागरिकको हक, उपभोक्ताको हक, आवासको हक जस्ता थप नयाँ हकहरूलाई मौलिक हकको रुपमा समावेश गरेको पाइन्छ । नेपालको संविधान, २०७२ ले सञ्चारको हकको नामबाट अन्तरिम संविधानमा उल्लेखित प्रकाशन, प्रसारण तथा छापाखानासम्बन्धी हकलाई व्यापक बनाएको छ । त्यति मात्र होइन, यस संविधानले अन्तरिम संविधानले प्रदान गरेको शिक्षा तथा संस्कृतिक सम्बन्धी हकलाई व्यापक बनाउने क्रममा शिक्षा सम्बन्धी हक र भाषा तथा संस्कृतिको हक गरी छुट्टाछुट्टै दुई

Question Bank Nepal

मौलिक हकको व्यवस्था, वातावरण तथा स्वास्थ्य सम्बन्धी हकलाई व्यापक बनाउने क्रममा स्वच्छ वातावरणको हक र स्वास्थ्य सम्बन्धी हक गरी छुट्टाछुट्टै दुई मौलिक हकको व्यवस्था, रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी हकलाई व्यापकबनाउन रोजगारीको हक र सामाजिक सुरक्षाको हक गरी भिन्नाभिन्नै हकको व्यवस्था गरेको पाइन्छ । त्यस्तै गरी अन्तरिम संविधानले प्रदान गरेको धर्म सम्बन्धी हकलाई व्यापक बनाउन यस संविधानमा त्यसको सट्टा धार्मिक स्वतन्त्रताको हकको व्यवस्था गरिएको पाइन्छ । समग्रमा भन्नुपर्दा नेपालको अन्तरिम संविधान, २०६३ भन्दा वर्तमान संविधान मौलिक हकको संख्याका हिसाबले मात्र नभई मौलिक हकको रुपमा ग्यारेन्टी गरिएका प्रावधानहरूको हिसाबले पनि व्यापक रहेको पाइन्छ ।

(२) **मौलिक हक हननको उपचारमा व्यापकता** :- नेपालको संविधान, २०७२ ले नेपाललाई संघीय लोकतान्त्रिक गणतान्त्रतात्मक राज्यको रुपमा अगाडि सार्दै मौलिक हकको हनन भएमा उपचार पाउने व्यवस्थालाई पनि व्यापक बनाएको पाइन्छ । नेपालको अन्तरिम संविधान, २०६३ अनुसार संविधान प्रदत्त मौलिक हकहरूको हनन भएमा केवल सर्वोच्च अदालतमा प्रवेश गरी उपचार पाउन सकिने व्यवस्था गरेकोमा वर्तमान संविधान एक स्टेप अगाडि बढ्दै सर्वोच्च अदालतको अतिरिक्त धारा १४४ अनुसार उच्च अदालतबाट समेत मौलिक हकको हननमा उपचार प्राप्त गर्न सकिने व्यवस्था गरेको पाइन्छ । यसले गर्दा सबै अवस्थामा मौलिक हक हननमा उपचार पाउन काठमाडौंमा रहेको सर्वोच्च अदालतमा निवेदन लिई आउनु पर्ने विगतको बाध्यतालाई अन्त्य गरिदिएको छ ।

(३) **मौलिक हक कार्यान्वयनको समयसीमा** :- नेपालको अन्तरिम संविधान, २०६३ ले संविधान प्रदत्त मौलिक हकहरूको कार्यान्वयन सन्दर्भमा कुनै पनि समयसीमान नतोकेकोले कतिपय मौलिक हकको कार्यान्वयन सम्बन्धी कानुन नबन्दा नागरिकले ती हकहरू उपभोग गर्न पाएका थिएनन् । यही यथार्थतालाई महसुस गरी नेपालको संविधान, २०७२ को धारा ४७ मा संविधानको भाग ३ द्वारा प्रदत्त मौलिक हकहरूको कार्यान्वयनका लागि आवश्यकता अनुसार राज्यले संविधान प्रारम्भ भएको तीन वर्षभित्र कानुनी व्यवस्था गरी सक्नुपर्ने स्पष्ट उल्लेख गरेको पाइन्छ । संविधानको यही व्यवस्थाको कारण आगामी दिनमा नागरिकहरूले संविधान प्रदत्त मौलिक हकहरूको उपभोग गर्न सक्षम हुन सक्ने कुरामा विश्वास राख्न सकिन्छ ।

(४) **मौलिक हकसँग कर्तव्यको व्यवस्था** :- नेपालको अन्तरिम संविधान, २०७२ ले भाग ३ मा नागरिकको मौलिक हकहरूको मात्र व्यवस्था गरेकोमा वर्तमान संविधानले भाग ३ मा नागरिकका मौलिक हकको साथसाथै धारा ४८ मा प्रत्येक नागरिकका कर्तव्य पनि तोकेको पाइन्छ । जसअनुसार राष्ट्रप्रति निष्ठावान् हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु, संविधान र कानुनको पालना गर्नु, राष्ट्रले चाहेका बखत अनिवार्य सेवा गर्नु साथै सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्य हुने कुरा स्पष्ट रुपमा उल्लेख गरिएको छ ।

**संविधानको धारा २२(२) मा उल्लेखित स्वतन्त्रता र मनासिब प्रतिबन्ध**

नेपालको संविधान, २०७२ को भाग ३ धारा २२ मा स्वतन्त्रताको हकको व्यवस्था गरिएको पाइन्छ । उक्त धाराको उपधारा (२) मा प्रत्येक नागरिकलाई देहाय बमोजिमको स्वतन्त्रता प्राप्त हुने कुरा स्पष्ट गरिएको छ :-

| प्रत्येक नागरिकलाई प्राप्त स्वतन्त्रता धारा १७(२) |
|---|
| (क) विचार अभिव्यक्तिको स्वतन्त्रता |
| (ख) बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता |
| (ग) राजनीतिक दल खोल्ने स्वतन्त्रता |
| (घ) संघ र संस्था खोल्ने स्वतन्त्रता |
| (ङ) नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता |
| (च) कुनै पेसा, रोजगार, उद्योग, व्यापार र व्यावसाय गर्ने स्वतनत्रता |

वर्तमान संविधानले प्रत्येक नागरिकलाई प्रदान गरेको माथि उल्लेखित स्वतन्त्रताहरू जुनसुकै अवस्था र परिस्थितिमा, जुनसुकै तरिकाले आफ्नो इच्छा मुताविक नागरिकहरूले प्रयोग गर्न भने पाउँदैन । किनकी संविधानको सोही धारा १७(२) को प्रतिबन्धात्मक वाक्यांशमा विभिन्न कार्य गरेको अवस्थामा माथि उल्लेखित स्वतन्त्रताहरूमा मनासिब प्रतिबन्ध लगाउने गरी राज्यले कानुन बनाउन पाउने कुरा समेत स्पष्ट गरिएको पाइन्छ । ती अवस्थाहरूलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ :-

Question Bank Nepal

**(क) विचार र अभिव्यक्तिको स्वतन्त्रता सन्दर्भमा**

- नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, स्वाधीनता र अखण्डता वा संघीय इकाइ वा विभिन्न जात, जाति, धर्म, सम्प्रदायबीचको सुसम्बन्धमा खलल पर्ने कार्य,
- जातीय भेदभाव वा छुवाछुतलाई दुरुत्साहन गर्ने कार्यमा,
- श्रमप्रति अवहेलना गर्ने अवस्थामा,
- गाली बेइजती तथा अदालतको अवहेलना हुने कार्यमा,
- अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा ।

**(ख) बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता सन्दर्भमा**

- नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, स्वाधीनता र अखण्डतामा खलल पर्ने कार्यमा,
- संघीय इकाइबीचको सुसम्बन्ध सार्वजनिक शान्ति र व्यवस्थामा खललपर्ने कार्यमा ।

**(ग) राजनीतिक दल खोल्ने स्वतन्त्रता सन्दर्भमा**

- नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डतामा खलल पर्ने कार्यमा,
- राष्ट्रको विरुद्ध जासुसी गर्ने कार्यमा,
- राष्ट्रिय गोपनीयता भंग गर्ने वा नेपालको सुरक्षमा आँच पुऱ्याउने गरी कुनै विदेशी राज्य, संगठन वा प्रतिनिधिलाई सहयोग गर्ने कार्यमा,
- राज्यद्रोह गर्ने कार्यमा,
- संघीय इकाइ बीचको सुसम्बन्धमा खलल पर्ने कार्यमा,
- जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने वा विभिन्न जात, जाति, धर्म र सम्प्रदाय बीचको सुसम्बन्धमा खलल पर्ने कार्यमा,
- केवल जाति, भाषा, धर्म, सम्प्रदाय र लिंगको आधारमा कुनै राजनीतिक दलको सदस्यता प्राप्त गर्ने वा बन्देज लगाउने वा नागरिकहरू बीच विभेद गर्ने गरी राजनीतिक दल गठन गर्ने कार्यमा,
- हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने कार्यमा,
- सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्यमा ।

**(घ) संघ र संस्था खोल्ने स्वतन्त्रता सन्दर्भमा**

- नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डतामा खलल पर्ने कार्यमा,
- राष्ट्रको विरुद्ध जासुसी गर्ने कार्यमा,
- राष्ट्रिय गोपनीयता भंग गर्ने वा नेपालको सुरक्षमा आँच पुऱ्याउने गरी कुनै विदेशी राज्य, संगठन वा प्रतिनिधिलाई सहयोग गर्ने कार्यमा,
- राज्यद्रोह गर्ने कार्यमा,
- संघीय इकाइ बीचको सुसम्बन्धमा खलल पर्ने कार्यमा,
- जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने वा विभिन्न जात, जाति, धर्म र सम्प्रदाय बीचको सुसम्बन्धमा खलल पर्ने कार्यमा,
- हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने कार्यमा,
- सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्यमा ।

**(ङ) नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता सन्दर्भमा**

- सर्वसाधारण जनताको हितमा खलल पर्ने कार्य,
- संघीय इकाइबीचको सुसम्बन्धमा खलल पर्ने कार्य,
- विभिन्न जातजाति, धर्म वा सम्प्रदायहरूका बीचमा सुसम्बन्धमा खलल पर्ने कार्य,
- हिंसात्मक कार्य वा अपराध गर्ने तथा सोको दुरुत्साहन गर्ने कार्यमा ।

**(च) कुनै पेसा, रोजगार, उद्योग, व्यापार र व्यवसाय गर्ने स्वतन्त्रता सन्दर्भमा**

- संघीय इकाइबीचको सुसम्बन्धमा खलल पुऱ्याउने कार्य,
- सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्य, शिष्टाचार वा नैतिकता प्रतिकूल हुने कार्य ।

यहाँ स्मरणीय छ की कुनै खास उद्योग, व्यापार वा सेवा राज्यले मात्र सञ्चालन गर्न पाउने वा कुनै उद्योग, व्यापार, पेसा, रोजगार वा व्यवसाय गर्नको लागि कुनै शर्त वा योग्यता तोक्ने गरी कानुन बनाउन सक्ने व्यवस्था समेत धारा १७(२) को प्रतिबन्धात्मक वाक्यांश (६) मा गरिएको पाइन्छ ।

अन्त्यमा स्वतन्त्रताको हकलाई दुनियाँका अरु हकहरूको जननीको रुपमा लिने गरिन्छ । तथापि स्वतन्त्रताको हकको निरपेक्ष प्रयोग गर्दा वा गर्न दिँदा राज्य, समाज एवं व्यक्तिलाई कतिपय अवस्थामा नकारात्मक असर पर्न जाने हुँदा स्वतन्त्रताको हकमा मनासिब प्रतिबन्ध लगाउन पर्ने

अनिवार्य आवश्यकता हुन्छ । त्यसैले वर्तमान नेपालको संविधान, २०७२ ले पनि माथि उल्लेखित कार्य गर्ने स्वतन्त्रतामा प्रतिबन्ध लगाउने गरी कानुन बनाउन पाउने राज्यको अधिकारलाई समेत धारा १७(२) को प्रतिबन्धात्मक वाक्यांश मार्फत सम्मान गरेको पाइन्छ ।

**(५) लोकतन्त्र भन्नाले के बुझिन्छ ? लोकतन्त्रलाई मूलत : कति किसिममा विभाजन गरिएको पाउनुहुन्छ ? उल्लेख गर्दै प्रत्यक्ष लोकतन्त्र र अप्रत्यक्ष लोकतन्त्रबारेमा संक्षिप्तमा टिप्पणी लेख्नुहोस् ।**

### लोकतन्त्रको अर्थ (Meaning of Democracy)

लोकतन्त्र शब्दको प्रादुर्भाव ग्रिक भाषाबाट भएको मानिन्छ अर्थात् ग्रीक शब्द Demos र crates बाट Democracy भएको हो । जसलाई ग्रीक भाषामा जनताको शक्ति (Power of people) को रुपमा लिने गरिएको थियो । लोकतन्त्र भनेको जनताले जनताको लागि सञ्चालन गर्ने शासन व्यवस्था हो । अर्थात् जनता स्वयंले राजकीय र सार्वभौमसत्ता प्रयोग गरी शासन सत्ता चलाउने प्रक्रिया नै लोकतन्त्र हो । लोकतन्त्र कुनै जातजाति, समुदाय वा वर्ग विशेषको शासन नभई प्रत्येक वर्ग, समुदाय, सम्प्रदाय एवम् व्यक्तिहरुलाई देशको शासन सत्तामाथि समान अधिकार र पहुँच प्रदान गर्ने शासन प्रणाली हो ।

लोकतन्त्रमा आम जनता आफ्ना प्रतिनिधिमार्फत शासन सञ्चालनमा सहभागी हुन्छन् र निर्वाचित पदाधिकारीले जनहित अनुकूल शासन व्यवस्था सञ्चालन नगरेमा त्यस्ता प्रतिनिधिहरूलाई फिर्ता गर्ने अधिकार जनतामा निहित रहन्छ । सबै नागरिकहरूमा समान राजनीतिक अधिकार रहने मूल मान्यतामा लोकतन्त्र आधारित हुने हुनाले कुनै एउटा व्यक्ति वा वर्ग विशेषमा सार्वभौम अधिकार नरही सम्पूर्ण जनताको सामूहिक रुपमा राजकीय एवम् सार्वभौम शक्ति र अधिकार रहन्छ । अन्त्यमा आफ्नो सरोकार र हित निहित रहेका सबै सवालहरूमा सरोकारवाला समूहहरूकै आपसी छलफल र निर्णयद्वारा स्वशासन गर्ने राजनीतिक प्रणालीलाई नै लोकतन्त्र भन्न सकिन्छ ।

| Characteristics/Features of Democracy | |
|---|---|
| लोकतन्त्र प्रत्यक्ष र अप्रत्यक्ष दुवै स्वरुपमा | समानताको सिद्धान्तमा आधारित |
| व्यक्तिको वैयक्तिक स्वतन्त्रताको रक्षक | जनहसभागिताको प्रभवकारी व्यवस्था |
| मातृत्व एवम् विश्व बन्धुत्वको वातावरण सिर्जनामा जोड | बहुमत प्राप्त राजनैतिक दलले अल्पमतको समेत कदर गर्दै शासन सञ्चालन |
| सारवान एवम् कार्य विधिगत प्रजातन्त्रको सन्तुलित अभ्यास | स्वतन्त्र न्यायपालिका मार्फत निष्पक्ष न्याय |
| आवधिक निर्वाचन हुने व्यवस्था | शक्ति पृथकीकरण र शक्ति सन्तुलन तथा नियन्त्रण |
| शक्तिको विकेन्द्रीकरण | मानव अधिकारको संरक्षण |
| कानूनी शासनलाई मान्यता | पूर्ण प्रेस स्वतन्त्रता आदि । |

### लोकतन्त्रको वर्गीकरण/प्रकारहरू

लोकतन्त्रलाई मूलत प्रत्यक्ष लोकतन्त्र र अप्रत्यक्ष लोकतन्त्र गरी २ किसिममा वर्गीकरणका गर्ने गरिन्छ । तसर्थ प्रत्यक्ष लोकतन्त्र र अप्रत्यक्ष लोकतन्त्र बारेमा यहाँ संक्षिप्तमा चर्चा गरिएको छ –

### प्रत्यक्ष लोकतन्त्र (Direct Democracy)

प्रत्यक्ष लोकतन्त्र त्यस्तो लोकतान्त्रिक अभ्यासलाई भनिन्छ जसमा जनता आफैं एकै ठाउँमा भेला भएर शासन सम्बन्धी नीति र योजना बनाउँछन्, कानून निर्माण गर्छन्, विचार विमर्श गर्छन् र सरकारी पदाधिकारीहरुको नियुक्ति गर्छन् ।

प्रत्यक्ष लोकतन्त्रमा जनताले आफ्नो शासन आफैं गर्दछन् र जनप्रतिनिधिको आवश्यकता पर्दैन भन्नुको अर्थ सम्पूर्ण जनसमुदाय जोसँग शासन शक्ति हुन्छ उसले नै सोझै आफूले शासन गर्दछ, अर्थात् शक्ति जसमा निहित छ उसैले त्यसको प्रयोग गर्दछ, प्रतिनिधिका रुपमा बारेस राख्दैन । यस्तो किसिमको लोकतन्त्र प्राचीन ग्रीसमा राम्रो सँग प्रयोग गरिएको थियो भन्ने गरिन्छ ।

### प्रत्यक्ष लोकतन्त्रका गुणहरू तथा अवगुणहरू

| गुणहरू | अवगुणहरू |
|---|---|
| + जनताको प्रत्यक्ष सहभागितामा शासन व्यवस्था संचालन | + शासन संचालनका लागि विशेषज्ञताको अभाव |
| + नागरिक चेतनामा अभिवृद्धि | + ठूलो क्षेत्र एवं जनसंख्या हुने राज्यका लागि अनुपयुक्त |
| + पर्याप्त जनसहभागिताले गर्दा विकास निर्माणमा तीव्रता | + आजको युगमा अनुपयुक्त एवं अव्यवहारिक प्रणाली |
| + कानून कार्यान्वयन गर्नमा सरलता एवं सहजता | + नागरिकहरूको उदासिताको सम्भावना |
| + अनावश्यक दलगत स्वार्थमा कमी | + एकै ठाउँमा सबै नागरिक भेलालाई निर्णय लिने प्रक्रिया झन्झटिलो र जटिल |
| + जनताले निर्णय गर्ने, सोको कार्यान्वयन तथा | + सरकार गठनको लागि निर्वाचन कार्यमा जटिलता |

Question Bank Nepal

| | |
|---|---|
| पृष्ठपोषण गर्ने क्षमतामा विकास | |
| + जनमतको कदर तथा गतिरोधको अन्त्य आदि। | + राजनीतिक वातावरण धुमिल हुन सक्ने आदि। |

### अप्रत्यक्ष लोकतन्त्र (Indirect Democracy)

नागरिकहरू आफूले निर्वाचित गरी पठाएका जनप्रतिनिधिहरू मार्फत अप्रत्यक्ष रुपमा शासन सञ्चालनमा भाग लिने लोकतान्त्रिक अभ्यासलाई अप्रत्यक्ष लोकतन्त्र भनिन्छ।

अप्रत्यक्ष लोकतन्त्रमा नागरिकहरू शासनमा प्रत्यक्ष रुपले भाग नलिई आफ्नो प्रतिनिधिमार्फत भाग लिने हुनाले यसलाई प्रतिनिधिमूलक लोकतन्त्र पनि भन्ने गरेको पाइन्छ। आजको विश्वमा धेरै मुलुकहरूले विभिन्न स्वरुपको अप्रत्यक्ष लोकतान्त्रिक शासन व्यवस्थालाई अंगीकार गरेको पाइन्छ।

**अप्रत्यक्ष लोकतन्त्रका गुणहरू र अवगुणहरू :**

| गुणहरू | अवगुणहरू |
|---|---|
| + बहुदलीय शासन व्यवस्था | + अल्पमत माथि बहुमतको प्राधान्यता |
| + जनउत्तरदायी सरकार | + दलगत स्वार्थको बोलवाला |
| + नागरिकका मौलिक हक अधिकारको सुरक्षा | + राजनैतिक अस्थिरताको भय |
| + स्वच्छ एवं आवधिक निर्वाचन | + खर्चिलो शासन व्यवस्था |
| + जनइच्छामा आधारित शासन व्यवस्था | + अल्पमतले निरन्तर संघर्ष गर्नुपर्ने अवस्था |
| + शक्ति पृथकीकरणको साथ साथै शक्ति सन्तुलन र नियन्त्रणको व्यवस्था | + अल्पसंख्यकको हक हितको सम्बोधनमा कठिनाई |
| + स्वतन्त्र एवं सक्षम न्याय पालिका | + मतदातामा अनुचित प्रभाव पर्ने खतरा |
| + सामाजिक न्यायामा जोड | + निर्णय प्रक्रिया एवं विकास निर्माणमा ढिलासुस्ती |
| + शासनको लागि विशेषज्ञ र सक्षम सरकारको निर्माण | + आमजनता र जनप्रतिनिधिहरू बीच सीधा सम्पर्क हुन कठिनाई |
| + स्थायी सरकारको रुपमा स्थिर कर्मचारीतन्त्र आदि। | + कुलीनतन्त्रको वोलवाला हुने सम्भावना आदि। |

**(६) जनशक्ति योजना (Manpower Planning) भन्नाले के बुझ्नुहुन्छ ? नेपालको निजामती सेवामा जनशक्ति योजनाको कार्यान्वयन कसरी भएको छ ? उल्लेख गर्दै जनशक्ति योजनाको महत्वबारे प्रकाश पार्नुहोस्।**

### जनशक्ति योजना (Manpower Planning) को परिचय

कुनै पनि संगठनमा सुव्यवस्थित रुपले संचालनका लागि चाहिने प्रमुख स्रोत मध्ये मानवीय स्रोत अर्थात् जनशक्तिको स्थान सर्वोच्च रहन्छ। जनशक्ति संगठनको एक मात्र सजीव स्रोत हो, जसले संगठनलाई जीवन्तता दिएको हुन्छ। जनशक्ति अन्तर्गत संगठनमा Policy Level (Head), Execution Level (Heart), Supporting Level (Hand) गरी विभिन्न तहका जनशक्ति कार्यरत रहेका हुन्छन्। संगठनमा कार्यरत सबै तह र किसिमका जनशक्तिको समाष्टिगत प्रयासबाटै संगठनको लक्ष्य र उद्देश्य प्राप्ति हुन्छ। मानिसका लागी संगठन र संगठनका लागी मानिस नभई हुँदैन, अर्थात् मानवीय स्रोत (जनशक्ति) को अभावमा संगठनको अस्तित्व कल्पना गर्न पनि सकिँदैन।

जनशक्तिको सम्बन्धमा पूर्वानुमानलाई नै जनशक्ति योजना भनिन्छ। जनशक्ति योजना अर्थात् मानव स्रोत योजनालाई कर्मचारी प्रशासनको एक पक्षको रुपमा पनि लिने गरेको पाईन्छ। जनशक्ति योजना बनाउँदा वर्तमान उपलब्ध जनशक्तिको स्थिति, उपलब्ध जनशक्तिको सीप र दक्षता जस्ता विविध कुराहरूलाई मध्यनजर गर्दै संगठनमा कहिले र कस्तो प्रकारको जनशक्ति कति संख्यामा आवश्यकता हुन्छ भनी निर्णयमा पुग्ने गरिन्छ। समग्रमा जनशक्ति योजना भन्नाले संगठनका लागी भविष्यमा आवश्यक पर्न सक्ने जनशक्तिको माग पूर्वानुमान गर्ने विषय देखि लिएर आवश्यक एवं उपयुक्त जनशक्तिको पूर्ति गर्ने सम्मको प्रकृयालाई जनाउँदछ।

**समग्रमा जनशक्ति योजना अन्तर्गत समेटिने विषय :** + जनशक्तिको पूर्वानुमान गर्ने कार्य तथा क्रियाकलाप, + जनशक्तिको विकास गर्ने (तालिम दिने) कार्य तथा क्रियाकलाप, + जनशक्तिको कार्यान्वयन तथा नियन्त्रण गर्ने कार्य, + ठिक व्यक्ति ठीक समय र स्थानमा कार्यमा लगाउने कार्य।

### नेपालमा जनशक्ति योजनाको कार्यान्वयन

नेपाल सरकारको कार्य विभाजन नियमावली अनुसार जनशक्ति योजनाको कार्यान्वयन गर्ने कार्य कर्मचारी प्रशासन सम्बन्धि केन्द्रिय निकाय (CPA) को रुपमा रहेको सामान्य प्रशासन मन्त्रालयबाट हुने गर्दछ। जनशक्ति योजना अन्तर्गतको योग्यताका आधारमा कर्मचारी छनौट गर्ने कार्य भने स्वतन्त्र संवैधानिक अंगको रुपमा रहेको लोक सेवा

Question Bank Nepal

आयोगबाट हुने गर्दछ । समग्रमा नेपालमा निज़ामती सेवाको जनशक्ति योजनाको कार्यान्वयन देहाय बमोजिमका कार्य चरणहरु पूरा गरी हुने गरेको पाईन्छ ।

★ निजामती सेवामा नयाँ दरबन्दी सिर्जना गर्न परेमा सम्बन्धित मंत्रालयले अर्थ मंत्रालयको सहमति लिई सामान्य प्रशासन मंत्रालयमा पठाउने, सामान्य प्रशासन मन्त्रालयले सोको मूल्यांकन गरी स्वीकृतिका लागि नेपाल सरकार मन्त्रीपरिषद समक्ष पेश गर्ने र मंत्रिपरिषदबाट स्वीकृति प्राप्त भएमा नयाँ दरबन्दी सिर्जना हुने व्यवस्था छ ।

★ निजामती सेवामा नयाँ सिर्जना भएको दरबन्दी र रिक्त पदको माग संकलन गरी सम्बन्धित निकायहरुबाट लोक सेवा आयोगमा पठाइन्छ ।

★ लोक सेवा आयोगले आफ्नो पूर्व कार्यतालिका अनुसार निजामती सेवाका विभिन्न सेवा समूहको विज्ञापन गर्दछ ।

★ लोक सेवा आयोगबाट तोकिएको मिति र समयमा सम्बन्धित सेवा-समूहको निश्चित पदका लागी लिखित परीक्षा सञ्चालन हुन्छ ।

★ लिखित परीक्षको उत्तरपुस्तिका परीक्षण गरी उत्तिर्ण हुनेको नाम तथा सो पछिका परीक्षणको तरीका र समय निश्चित गरी लोक सेवा आयोगले सार्वजनिक गर्दछ ।

★ अन्तवार्ता लगायतका परीषणबाट समेत उत्कृष्ट ठहरिएकामध्येबाट छनोट गरी तोकिएको निकायमा पदस्थापनको लागि सिफारिस गर्दछ ।

★ यसरी नयाँ छनौट भई आएका नव-आगन्तुक कर्मचारीहरूलाई स्टाफ कलेज, न्याय सेवा तालिम केन्द्र, राजश्व प्रशासन तालिम केन्द्र जस्ता सरकारी तालिम केन्द्रहरुबाट सेवा प्रवेश तालिम प्रदान गरिन्छ । यीनै संस्थाहरुबाट बेला बेलामा पुराना कमचारीहरुलाई पुनर्ताजगी तालिम तथा सेवाकालिन तालिम प्रदान गर्ने गरिन्छ । यसरी नेपालमा जनशक्ति योजनालाई कार्यान्वयन गर्ने गरिन्छ ।

**जनशक्ति योजनाको महत्व**

जनशक्ति भन्नु नै मानवीय स्रोत साधन हो । दुनियाँका अन्य स्रोत साधनहरुलाई गतिशिल बनाई लक्ष्य प्राप्ति गर्न जनशक्ति नै आवश्यक पर्दछ । दक्ष जनशक्ति प्राप्ति, विकास र प्रयोगका लागी जनशक्ति योजना अत्यावश्यक हुन्छ । जनशक्ति योजनाको महत्वलाई देहाय बमोजिमका बुदाँमा उल्लेख गर्न सकिन्छ :–

★ वर्तमानको जनशक्तिको अवस्था जानकारी लिई भविष्यमा आवश्यक पर्ने जनशक्तिको पूर्वानुमान गर्न,

★ कर्मचारीको उत्प्रेरणा र मनोबलमा बढोत्तरी गर्दै उत्पादकतवमा वृद्धि गर्दै जान,

★ प्राप्त भएको जनशक्तिलाई संगठनमा टिकाई राखी जनशक्तिको अभाव हुन नदिन,

★ जनशक्ति योजना मार्फत संगठन एवं व्यक्ति दुवैको लक्ष्यमा तादम्यता कायम गर्न,

★ मानव साधन व्यवस्थापनमा प्रभावकारिता अभिवृद्धि गर्न,

★ संगठनमा जनशक्तिको प्रभावकारी उपयोगको वातावरण बनाउन,

★ संगठनमा कम लागत र समयमा योग्य जनशक्ति निरन्तर आपूर्ति गर्न,

★ जनशक्तिको माग र आपूर्ति बिचको अनुपात विश्लेषण गर्ने आधार थाहा पाउन,

★ संगठनभित्र उच्च प्रतिस्पर्धा र क्षमता भित्र्याई लक्ष्य हासिल गर्न,

★ प्राप्त जनशक्तिको ज्ञान, सीप, योग्यता, क्षमताको विकास गरी उत्पादकतवमा वृद्धि गर्दै जान,

★ कर्मचारीहरूको Right sizing गरी संगठनलाई अनावश्यक भद्दा हुनबाट रोक्न आदि ।

संगठनका साधनहरू मध्ये संगठनलाई आफ्नो लक्ष्य र उद्देश्य तर्फ लैजान अन्य साधन स्रोतहरूलाई समेत सञ्चालन गर्ने महत्वपूर्ण एक मात्र सजिव साधन नै जनशक्ति हो । जनशक्ति योजनालाई वस्तुनिष्ठ र व्यवहारिक बनाई जनशक्ति प्राप्ती तर्फको कदम अगाडी बढाएमा मात्र उक्त योजनाबाट प्राप्त जनशक्तिले मात्र संगठनलाई आफ्नो लक्ष्य र उद्देश्य हासिल गर्न सक्ने बनाउँछन् । त्यसैले हचुवाका भरमा नभई व्यापक चिन्तन र अध्ययन गरी उपयुक्त जनशक्ति योजना तयार गरी सोको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु आजको आवश्यकता हो ।

**नेपालमा जनशक्ति योजनामा संलग्न सरकारी निकाय :** + लोक सेवा आयोग, + राष्ट्रिय योजना आयोग, + श्रम मन्त्रालय, + अर्थमन्त्रालय, + केन्द्रीय तथ्याङ्क विभाग, + तालिम दिने निकायहरू (राजश्व प्रशासन तालिम केन्द्र, राष्ट्रिय न्यायिक प्रतिष्ठान, न्याय सेवा तालिम केन्द्र, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र लगायतका तालिम केन्द्रहरू), + शिक्षा मन्त्रालय, + विश्वविद्यालयहरू, + CTEVT .

Question Bank Nepal

**(७) कर्मचारीतन्त्र भन्नाले के बुझ्नुहुन्छ ? Max Weber का अनुसार कर्मचारीतन्त्रका विशेषताहरू के-के हुन् ? उल्लेख गर्दै ती विशेषताहरू र नेपालको कर्मचारीतन्त्र बीच तुलना गर्नुहोस् ।**

**कर्मचारीतन्त्र (Bureaucracy)**

*"We have an illness in france which bids fair to play havoc with us, this illness is called Bureaucracy."* – ***Vincent De.Gournay 1745 A.D.***

सामान्य अर्थमा कर्मचारीतन्त्र भनेको सार्वजनिक संगठन, त्यसमा कार्यरत जनशक्ति र ती जनशक्तिका क्रियाकलापको समष्टि हो । त्यस्तै गरी कर्मचारीतन्त्र संगठनात्मक सिद्धान्त हो, जहाँ वैधानिक र औपचारिक पद्धतिमा आधारित भएर अख्तियार (Authority) को प्रयोग गरिन्छ । कर्मचारीतन्त्र जनशक्ति, कार्यप्रक्रिया, कार्यालय र अधिकारको संयुक्त रुपमा प्रयोग गर्ने एक प्रणाली तथा एक ठूलो र स्थायी संगठन हो, जहाँ विस्तृत नियम, सूक्ष्म नियन्त्रण, कठोर पदसोपान (Rigid Hierarchy) र उच्च रुपले विशिष्टीकरण गरिएको कार्यहरू निपूर्ण व्यक्तिद्वारा सम्पादन गरिन्छ ।

कर्मचारीतन्त्रको परिभाषा सकारात्मक र नकारात्मक दुवै प्रकारबाट भएको पाइन्छ । सन् १७४५ मा पहिलो पटक Bureaucracy शब्दको प्रयोग गर्ने पर्सियाली (हाल जर्मन) विद्वान Vincent de Gaurnay ले कर्मचारीतन्त्रलाई यसरी व्याख्या गरेका छन् "A form of government which has neither monarany, aristocracy nor democray but bureaucracy-desk government, rule by officials, the self interested tyraonmy of jacks- in office."

आधुनिक कर्मचारीतन्त्रको व्याख्याता जर्मन समाजशास्त्री Max Weber हुन् । उनले कर्मचारीतन्त्रलाई वैधानिक अख्तियारको सबैभन्दा आदर्श ढंगले अभ्यास गर्ने प्रशासनिक संयन्त्र भनेका छन् ।

निष्कर्षमा भन्नुपर्दा, संगठन + जनशक्ति + उद्देश्य + कार्य प्रक्रिया + क्रियाकलाप + उद्देश्य प्राप्ती = कर्मचारीतन्त्र हुन जान्छ । कर्मचारीतन्त्र यस्तो संयन्त्र हो, जसले सार्वजनिक प्रशासनको व्यवस्थित सञ्चालनका लागि नीति, नियम, कार्यविधि, प्रक्रिया, संरचनामा आधारित रहेर निश्चित परीक्षा प्रणालीबाट योग्यताका आधारमा छनोट भई आएका मानव संयन्त्रबाट सार्वजनिक प्रशासनका क्रियाकलापहरू सञ्चालन गर्दछ । कर्मचारीतन्त्रका देहाय बमोजिमका सबल र दुर्वल पक्षहरू बाट समेत यसबारेमा अझ स्पष्ट हुन्छ ।

| कर्मचारीतन्त्रका सबल पक्षहरू | कर्मचारीतन्त्रका दुर्बल पक्षहरू |
|---|---|
| + प्राविधिक ज्ञानयुक्त सीपालु कर्मचारी,<br>+ पदसोपान पद्धति,<br>+ प्रभावकारी सञ्चार,<br>+ समन्वय र स्पष्टता,<br>+ विधिसम्मत निर्णय प्रक्रिया,<br>+ निर्वैयक्तिकता,<br>+ उत्तरदायित्व र पारदर्शिता,<br>+ वैज्ञानिक श्रम विभाजन,<br>+ कार्यकुशलता र प्रभावकारिता,<br>+ कार्यान्वियनमा प्रभावकारिता,<br>+ निरन्तरता,<br>+ विवेकशीलता तथा एकरुपता,<br>+ राष्ट्रको दीर्घकालीन हितको रक्षा र अभिवृद्धि आदि । | + लालफित्ताशाही,<br>+ मानवीय पक्षको वेवास्ता,<br>+ बढी औपचारिक,<br>+ घमण्डीपन, अपारदर्शी,<br>+ जिम्मेवारी पन्छाउने,<br>+ परिवर्तन नरुचाउने,<br>+ साम्राज्य निर्माण गर्ने,<br>+ विभागवादमा रमाउने,<br>+ अत्याधिक केन्द्रिकरण,<br>+ शासक र सेवकको भावना,<br>+ आफ्नो स्वार्थ पूर्तिमा जोड,<br>+ कमजोरीबाट सिक्न नचाहने,<br>+ पदमुखी सचेतनामा जोड,<br>+ भद्दा ठूलो संगठन आदि । |

**Max Weber का अनुसार कर्मचारीतन्त्रका विशेषताहरू**

कर्मचारीतन्त्रका पिता मानिने Max Weber ले वैधानिक तथा विवेकपूर्ण अधिकारको प्रयोग र अभ्यासका लागि कर्मचारीतन्त्रको स्थापना र सञ्चालन गर्नुपर्ने जिकिर गर्दै निम्न १० विशेषताहरूको उल्लेख गरेका छन् :–

★ निरन्तरता (Continuity),
★ सक्षमता (Competence),
★ योग्यता परीक्षण (Merit Test),
★ पदसोपान (Hierarchy),
★ नियम र प्रक्रियामा आधारित (Rule Based),
★ निश्चित अभिलेख (Written Record),
★ अवैयक्तिता (Impersonality),
★ वृत्तिप्रणाली (Careerism),
★ अनुशासन र आचारसंहिता (Discipline/ Code of Conduct)
★ र तटस्थता र निष्पक्षता (Neutrality and Impartiality)

**वेवरीयन कर्मचारीतन्त्र र नेपालको कर्मचारीतन्त्र**

**(क) निरन्तरता (Continuty)** - नेपालको कर्मचारीतन्त्र Max Waber ले परिकल्पना गरेजस्तै निरन्तर अस्तित्वमा रहेको छ । एकिकरण पछिको युगमा

Question Bank Nepal

विभिन्न शासक र शासन व्यवस्थामा यसलाई खण्डित गरिएको छैन ।

(ख) **सक्षमता (Competence)** - वेवरले भने झैं नेपालको कर्मचारीतन्त्रमा पनि विशेषज्ञताको आधारमा श्रम विभाजन गरिएको छ । विभिन्न सेवा समूह उपसमूह, र श्रेणीको व्यवस्था गरिएका छन् । सक्षम जनशक्ति भएपनि संगठनले त्यसको प्रतिफल पाउन भने नसकेको भनेर आलोचना गर्ने भने गरिएको पाईन्छ ।

(ग) **योग्यता परीक्षण (Merit Test)** - नेपालमा निजामती कर्मचारी योग्यताका आधारमा चयन गर्न लोकसेवा आयोगको व्यवस्था गरिएको छ जसलाई संवैधानिक अंगको मान्यता प्रदान गरिएको छ । यद्यपि राजनीतिक परिवर्तनसँगै शुरु गरिएको समावेशीकरण, अस्थायीलाई स्थायी गर्ने र स्वतः बढुवा प्रणालीले Meritocracy माथि गम्भिर प्रश्न उठाउने गरेको पाईन्छ ।

(घ) **पदसोपान (Hierarchy)** - नेपालको निजामती सेवामा विशिष्ट श्रेणीदेखि श्रेणीविहीन सम्मको पदसोपानका व्यवस्थाहरू रहेको पाईन्छ । जुन वेवरको कर्मचारीतन्त्रको विशेषता संग मेल खान्छ । जिम्मेवारी र योग्यताको आधारमा कर्मचारीहरूलाई तह र श्रेणीमा विभाजन गरिएको छ । तथापी कहिले काँही यही पदसोपान व्यवस्थाले शिघ्र निर्णय प्रकृयामा बाधा पुर्‍याएको पाईन्छ । टिप्पणी को बहनामा हुने ढिलाइले नेपालको समग्र कर्मचारीतन्त्रलाई बदमान गराएको छ ।

(ङ) **नियम प्रक्रियामा आधारित (Ruled Based)** - सरकारी सेवाको नाममा निजामती सेवा बारे संविधानमा नै केही प्रावधानहरू उल्लेख गरिएको छ । भने नेपालको निजामती कर्मचारी व्यवस्थापन निजामती सेवा ऐन लगायतका ऐन-कानूनबाट निर्देशन छ । नेपालको कर्मचारीतन्त्र नियम प्रक्रियामा आधारित भएपनि नतिजामा भन्दा प्रकृयामा जोड दिने कानूनी व्यवस्थाको आडमा भ्रष्टाचारमा लिप्त रहेको भन्ने जनताको दृष्टिकोण रहेको पाईन्छ ।

(च) **अवैयक्तिता (Impersonality)** - कर्मचारीहरू राजनीतिक रुपमा अदृश्य र अनाम 'Anonymity' भएर काम गर्छन् भन्ने वेवरको मान्यता नेपाली कर्मचारीतन्त्रमा राम्ररी स्थापित हुन सक्दैन । खास गरी दलीय राजनीतिको अनावश्यक प्रभावले गर्दा हाम्रो कर्मचारीतन्त्र राजनीति गर्ने अखडाको रुपमा विकास भैरहेको पाईन्छ । कर्मचारीतन्त्रमा टेड् युनियनको अभ्यास पनि मूल अवधारणा विपरित भैरहेको पाईन्छ, भन्नेहरू धेरै भेटिन्छन् ।

(छ) **लिखित अभिलेख (Written Record)** – नेपालको कर्मचारीतन्त्रले गर्ने संपूर्ण कार्यहरू लिखित अभिलेखको रुपमा हुन्छन् । जुन कुरा वेवरले उल्लेख गरेको कर्मचारीतन्त्रको विशेषता संग मेल खान्छ । टिप्पणी प्रथा जीवन्त रहेको छ, हरेक क्रियाकलापहरू टिप्पणीमार्फत नै सम्पन्न गरिन्छन् । आज यही टिप्पणी प्रथालाई कसरी व्यवस्थित गरी Fromalism को आरोपबाट मुक्त गर्न सकिन्छ भन्ने उपायको रुपमा सरकारी निर्णय प्रकृया सरलीकरण निर्देशिका जारी गरिएको पाईन्छ ।

(ज) **वृत्ति प्रणाली (Career system)** – नेपालको निजामती सेवामा योग्यता र जेष्ठताका आधारमा वृत्ति प्रणाली कायम गरिएको छ । ऐन नियममा नै वृत्ति प्रणालीहरू व्यवस्थित छन् । यद्यपि मौकाको फाईदा उठाउन खप्पिस व्यक्तिहरूले व्यक्तिगत वा सिमित स्वार्थका लागि पटक पटक वृत्ति प्रणालीलाई खल्बलाउने गरेको पाईन्छ । यसको पछिल्लो उदारहणको रुपमा निजामती सेवा ऐनको दफा २४ घ (१) को स्वतः बढुवा सम्बन्धि व्यवस्था र सोको समायोजन प्रावधानलाई लिन सकिन्छ ।

(झ) **अनुशासन र आचारसहिता (Code of Conduct)** - निजामती सेवा ऐन नियममा कर्मचारीले पालन गर्नुपर्ने आचरण र अनुशासनको व्यवस्था गरिएको छ । आचारसंहिताहरू पनि जारी भएका छन् । तर अनुशासन र आचारसंहिता पालनाको अवस्था भने नाजुग रहेको छ । यहाँ सम्मकी अनुशासन र आचारसंहिताहरू कार्यान्वयन गराउने जिम्मेवारी पाएका अधिकारीहरू स्वयं नै यसको उल्लंघन गर्न सरीक रहने गरेको पाईन्छ ।

(ञ) **तटस्थता र निष्पक्षता (Meutrality and Impeariality)** – वेवरले कर्मचारीतन्त्रको एक विशेषताको रुपमा तटस्थता र निष्पक्षतालाई लिएको पाईन्छ । तर नेपालको कर्मचारीतन्त्र राजनीति प्रति तटस्थ र जनसेवाप्रति प्रतिबद्ध बन्न सकेको अवस्था पाईदैन । जसले गर्दा राज्यले प्रवाह गर्ने सार्वजनिक सेवा सुविधा प्रवाहमा पनि निष्पक्षता कायम हुन सकेको पाईदैन ।

Question Bank Nepal

**(८) सार्वजनिक नीति तर्जुमाका पद्धतिहरू के के हुन् ? उल्लेख गर्दै सार्वजनिक नीति विश्लेषण र यसका सिद्धान्तहरू बारे संक्षिप्तमा चर्चा गर्नुहोस् ।**

**सार्वजनिक नीति तर्जुमाका पद्धतिहरू**

नीति तर्जुमाका पद्धतिहरूका सम्बन्धमा विद्वानहरूको बीचमा मतैक्यता रहेको पाइँदैन । डा.बि.एल. फाडियाले आफ्नो पुस्तक 'लोक प्रशासनमा सार्वजनिक नीति तर्जुमाका विभिन्न ६ वटा Approach हुन्छन्' भनी उल्लेख गरेको पाइन्छ । उनको विचारमा सार्वजनिक नीतिको तर्जुमा गर्न निम्न पद्धतिहरू/सिद्धान्तहरू रहेको पाइन्छ –

१. **सीमित विवेकशीलताको सिद्धान्त** : नीति तर्जुमा गर्दा साधन, स्रोत, आर्थिक क्रियाकलाप र घोषित, नीतिबीचको तादाम्यताको अध्ययनमा जोड दिनुपर्छ भन्ने मान्यता यस सिद्धान्तले राख्दछ । साधन स्रोत कम हुने हाम्रो जस्तो मुलुकमा यो बढी प्रयोगमा आउँछ ।

२. **अभिवृद्धिवादी सिद्धान्त** : यस सिद्धान्तले पहिले निर्माण भएको नीतिका आधारभूत विषयमा सामान्य तवरले बढाउने वा प्रगतिशील बनाउने वा ठूलो पार्ने काम वा निर्णयका सन्दर्भमा अध्ययन गर्दछ । विकासशील राष्ट्रमा मानिसहरूले आमूल परिवर्तनको अपेक्षा गरेका हुनाले यस सिद्धान्तलाई त्यति राम्रो मानिँदैन ।

३. **वर्गीय हितको सिद्धान्त** : खास गरी नीति निर्माण तहका निर्णयकर्ताहरूलाई दबाबमा पार्ने वा आफू अनुकुलको नीति निर्माणमा लागि पर्ने वा त्यस्तो गर्न नसक्ने वर्गको अध्ययनमा यस सिद्धान्तले जोड दिन्छ । नेपालमा हरेक वर्गले प्रतिस्पर्धी रुपमा दबाब दिई सन्तुलित नीति निर्माणमा सहयोगी भूमिका खेल्न सकेको पाँइदैन ।

४. **नीति एक संस्थागत क्रियाकलापको रुपमा** : यसलाई नीति निर्माणमा संलग्न हुने हुने निकायहरूको क्रियाकलापको भूमिकाको अध्ययन गर्ने सिद्धान्तका रुपमा हेरिन्छ । मन्त्रिपरिषद्, व्यवस्थापिका संसद्, न्यायपालिका, मन्त्रालय विभाग, संवैधानिक अंग, राष्ट्रिय योजना आयोग, स्वायत्त निकाय र तिनको नीति तर्जुमामा भूमिका समेतको अध्ययन हो ।

५. **अभिजात्य वर्गको हित** : सार्वजनिक नीति तर्जुमाको यस सिद्धान्तले विशेष वर्गको हितलाई मध्यनजर गरी नीति तर्जुमा गर्नुपर्दछ भन्ने मान्यता राख्दछ ।

६. **प्रणाली विश्लेषण सिद्धान्त** : यस सिद्धान्तले सामाजिक तथा राजनीतिक प्रणालीले नीति तर्जुमामा पार्ने असर र प्रभावका बारेमा अध्ययन गर्दछ ।

**सार्वजनिक नीति विश्लेषणको परिचय**

★ सार्वजनिक नीति विश्लेषण भन्नाले सार्वजनिक नीतिको यस्तो प्रक्रियागत विश्लेषण हो, जसले सार्वजनिक नीतिको व्याख्या, भविष्यवाणी र वास्तविक आवश्यकता बुझ्न सहयोग पुर्‍याउँदछ,

★ सरकारले नीतिगत अठोट लिइसकेपछि सोको तर्जुमा र कार्यान्वयनका लागि त्यस्तो नीतिको समग्र वातावरणको पहिचान र बोध गर्ने, नीतिगत पक्षको व्याख्या गर्ने, नीति ल्याउनु पर्नाका कारण र नीतिले पैदा गर्ने परिणामका बारेमा विश्लेषण गर्न पहिल्याइएका कारण र परिणामको शिक्षण गर्ने र त्यस्तो परिणामका आधारमा नीतिको प्रक्षेपण गर्ने समग्र प्रक्रियाको क्रियाशीलतालाई विश्लेषण भन्ने गरिन्छ । प्रसिद्ध विद्वान Caputo ले सार्वजनिक नीति विश्लेषणका निम्न ३ वटा पद्दति हुन्छन् भनेका छन् –

१. पहिलो पद्धतिले सार्वजनिक नीतिलाई सरकारी कार्यको Goal को विश्लेषण गर्दछ । जसमा के कस्ता नीति विकल्पहरूको छनौट गरिए, किन गरिए एवम् उक्त छनौटको लागत र लाभ के हुन्छ ? सार्वजनिक नीतिको प्रभाव के हुन्छ, नीतिको मूल्यांकन कसरी गरिन्छ ? के ती लक्ष्यहरूले सामाजिक उद्देश्य हासिल गर्न मद्दत पुर्‍याउँदछन् भन्नेजस्ता कुराहरूको खोजी गरिन्छ ।

२. दोस्रो पद्दति अनुसार खास नीति निर्णयहरूले के प्रभाव पार्दछ भन्ने कुरा हेरिन्छ र यसका लागि नीतिको कार्यान्वयनमा प्रभावकारिता र दक्षता के हुन्छ भन्ने आधारमा विश्लेषण गरिन्छ ।

३. तेस्रो पद्दति अनुसार कसरी सरकारी निर्णय गरिन्छन्, उक्त निर्णयको प्रभाव के रह्यो र निर्णय लिन सरकारी तथा गैर सरकारी क्षेत्रले कस्तो प्रभाव पाऱ्यो भन्ने जस्ता कुराहरू पनि हेरिन्छ ।

★ नीतिगत समस्याहरू र नीति प्रभावहरूको मूल्यांकन गर्नको लागि नीति विश्लेषण एक महत्वपूर्ण औजार हो । यसको सम्बन्ध संगठनात्मक प्रभावकारितासँग हुने भएकाले नीति विश्लेषणको एउटा निश्चित संरचनाको आवश्यकता पर्दछ । नीति विश्लेषण प्रक्रियाका



Question Bank Nepal

आवश्यक तत्व वा चरणहरूलाई यस प्रकार उल्लेख गर्न सकिन्छ –

+ साधन, प्रक्रिया, उपलब्धी र प्रभावसम्बन्धी सूचना संकलन
+ साधन स्रोतको Input, Process and Output को अध्ययन र परीक्षण
+ सूचना संकलन र प्रशोधनको लेखाजोखा
+ लाभ हानीको परीक्षण ।

**सार्वजनिक नीति विश्लेषणका सिद्धान्तहरू**

जनताप्रति उत्तरदायी तथा जवाफदेही भई राज्यको सरकारले आफ्नो घोषित उद्देश्य र अठोटलाई कार्यान्वयनमा उतार्न जनसमक्ष ल्याएको कार्यक्रमलाई सार्वजनिक नीति भन्ने गरिन्छ । सार्वजनिक नीति सन्दर्भमा नीति विश्लेषण एक प्रमुख पक्षको रुपमा रहेको पाईन्छ । सार्वजनिक नीति विश्लेषणका विविध सिद्धान्तहरू रहेको पाईन्छ, जसमध्ये मुख्य मुख्य केही सिद्धान्तहरूलाई निम्नानुसार व्यक्त गर्न सकिन्छ –

**(क) राजनीतिक प्रणाली सिद्धान्त :**

यस सिद्धान्तका प्रतिपादक एम. डेभिड इस्टन हुन् । यस सिद्धान्तले राज्यको मूल राजनीतिक प्रणाली र त्यसमा आवद्ध राजनीतिक दल तथा तिनका दर्शन, राजनीतिक संगठन, राजनीतिक संगठनबाट प्रतिनिधित्व हुने सरकारका निकायहरूबीचको अन्तरसम्बन्ध, वातवारण र त्यसले समग्र राज्य नीतिमा पार्ने सकारात्मक तथा नकारात्मक प्रभावका बारेमा अध्ययन गर्दछ ।

**(ख) विवेकशीलताको सिद्धान्त :**

थोमस आर डाईद्वारा प्रतिपादित यस सिद्धान्तले सरकारबाट घोषित कुनै पनि नीतिले अधिकतम सामाजिक लाभ प्राप्त गर्नु पर्दछ भन्ने कुराको व्याख्या गर्दछ । कुनै पनि नीतिको विश्लेषण गर्दा उक्त नीतिले समाजको बढी भन्दा बढी हित गर्छ गर्दैन भनेर तुलनात्मक अध्ययन गर्नुपर्ने कुरामा जोड दिएको छ ।

**(ग) दोहोरो सञ्चारको सिद्धान्त :**

यस सिद्धान्तका प्रतिपादक चार्ल्स ई. लिन्डवोल्म हुन् । उनको विचारमा नीति शासन गर्नेहरूको घोषणा मात्र नभएरु नीति निर्माणका प्रक्रिया वा सिद्धान्तमा पनि जोड दिनुपर्ने कुरा उल्लेख गर्दै नीति निर्माण प्रक्रिया प्रणालीको रुपमा मात्र नभएर दोहोरो सञ्चारको आधारमा बन्ने विषय हो भन्ने कुरा व्यक्त गरेका छन् ।

**(घ) समूह सिद्धान्त :**

मार्क्सको वर्गीय अवधारणाबाट प्रभावित भएको सिद्धान्तका रुपमा लिइने यस सिद्धान्तले समाजका समूहको हितलाई ध्यान दिन्छ । जसको हितका लागि भनी नीति निर्माण गरिएको भनिन्छ तिनको महत्वलाई केन्द्रमा राखी नीति निर्माण हुनुपर्दछ भन्ने मान्यता राख्दछ । यस सिद्धान्तका अनुयायी विद्वानहरूले सामाजिक संघ,संगठन, दबाब समूह, सरकारी, गैरसरकारी संगठनको भूमिकालाई नीति निर्माणमा इन्कार गर्न नसकिने मत अगाडि सारेका छन् ।

**(ङ) सम्भ्रान्त वर्ग सिद्धान्त :**

यस सिद्धान्तका जन्मदाता प्राइनरलाई मानिन्छ । उनले नीति निर्माणमा मुलुकका सम्भ्रान्त (Elite) वर्गीय पक्ष हावी हुने र तिनीहरूका हितलाई सार्वजनिक नीतिको रुपमा घोषणा गर्ने अवधारणा अगाडि सारेका छन् । सम्भ्रान्त वर्गले जनताका समस्याको आवरणका आफ्ना हितलाई नीति समस्याका रुपमा व्याख्या विश्लेषण गर्दछन् भन्ने यस सिद्धान्तले नीतिलाई Policy as elite prefrence भन्ने गर्दछ ।

**(च) कार्य प्रक्रिया सिद्धान्त**

हारोल्ड लासवेलद्वारा प्रतिपादित यस सिद्धान्ले नीतिलाई कार्यप्रकृयाको रुपमा लिन्छ । यस सिद्धान्तले नीति निर्माणमा पूरा गरिने कार्यपक्रिया तथा कार्यसम्पादन पद्दतिमा जोड दिन्छ । राजनीतिक प्रणालीले गर्ने कार्य कसरी सम्पादन गर्दछ सोही आधारमा नै नीतिको जन्म हुन्छ ।

**(९) कस्तो बजेटलाई लैंगिक उत्तरदायी बजेट भनिन्छ ? यस्तो बजेटको आवश्यकता र महत्व माथी प्रकाश पार्दै नेपालमा लैंगिक उत्तरदायी बजेट निर्माण तथा कार्यान्वयन सम्बन्धमा चर्चा गर्नुहोस् ।**

**लैंगिक उत्तरदायी बजेट (Gender Responsive Budget)**

बजेट निर्माण गर्दा महिलाहरूको समग्र विकासलाई सम्बोधन गर्ने कार्यक्रमहरू तय गरी बजेटको व्यवस्था गनुपर्दछ, भन्ने मान्यता नै लैंगिक उत्तरदायी बजेटको अवधारण हो । लैंगिक उत्तरदायी बजेटको प्रयोग अस्ट्रेलियामा सन् १९८४ मा सुरु भएको हो । लैंगिक बजेटलाई Women's Budget- Gender Budget-



Question Bank Nepal

Gender Budjet Initiative, Gender Sensitive Budget- Gender Responsive Budget समेतका विविध नामले पनि चिन्ने गरिन्छ।

लैंगिक उत्तरदायी बजेट "लैंगिक", "उत्तरदायी" र "बजेट" तीनवटा शब्दावली मिलेर बनेको शब्द हो।

यी तीनवटा शब्दावलीलाई समिश्रण गर्दा लैंगिक उत्तरदायी बजेटलाई निम्नानुसार परिभाषित गर्न सकिन्छ – कुनै निश्चित अवधीका लागि राज्यलाई आवश्यक पर्ने कुल बजेटको अनुमान, आयको आधारको खोजी, विभिन्न शीर्षकमा गरिने विनियोजन र खर्च, खर्चको अभिलेख र लेखाजोखा लगायतका सम्पूर्ण पक्षमा लैंगिक समानताको लक्ष्य प्राप्तीलाई केन्द्रमा राखेर उद्देश्यमूलक ढंगले, योजनावद्ध रुपमा, लैंगिक विश्लेषण सहित आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धीको समतामूलक वितरण र उपभोग हुने गरि गरिने बजेट तर्जुमा प्रकृया नै लैंगिक उत्तरदायी बजेट पद्धती हो।

महिला र पुरुषका बीचमा जैविक तथा समाजले निर्धारण गरेका भुमिकाका सकारात्मक र नकारात्मक पक्षलाई समानतामा रुपान्तरण गर्नका लागि लैंगिक सम्वेदनका पक्षलाई कार्यक्रममा संवोधन गर्ने कार्य लैंगिक उत्तरदायी बजेटले गर्दछ। लैंगिक उत्तरदायी बजेटका विशेषताहरूलाई देहाय बमोजिमका बुदाँहरूमा उल्लेख गर्न सकिन्छ।

★ लैंगिक उत्तरदायी बजेटले लैंगिक समानताको नीति एवम् समष्टिगत आर्थिक नीतिका बीच सम्बन्ध स्थापित गर्दछ।

★ लैंगिक उत्तरदायी बजेट प्रक्रिया महिला र पुरुषमा बजेटले पार्ने प्रभावको विश्लेषण साथै बजेट तर्जुमामा लैंगिक पक्षको समायोजन बाट प्रारम्भ हुन्छ।

★ लैंगिक उत्तरदायी बजेटले लैंगिक मूलप्रवाहीकरणलाई बढी अर्थपूर्ण बनाउँछ।

★ लैंगिक उत्तरदायी बजेट महिलाका लागि छुट्टै बजेट नभई बजेटको सबै उपलब्धीमा महिला र पुरुषको सन्तुलित सहभागिता र लाभ खोज्ने प्रकृया हो।

★ यसले लैंगिक समानताको लागि बजेटको पुनसंरचना तथा सुनिश्चितता गर्दछ।

★ सम्बन्धित लिंग र वर्गका आवश्यकता र सरोकारहरूलाई सम्बोधन गर्ने हुँदा सामाजिक न्याय स्थापित गर्दछ।

| लैंगिक बजेटका सूचकहरू |
|---|
| • महिला क्षमताको अभिवृद्धि |
| • लाभको बाँडफाँटमा महिलाको हिस्सा |
| • लैंगिक न्यायको व्यवहारिक पक्ष |
| • महिलाहरूको समयको प्रयोगमा गुणात्मक सुधार र कार्यबोझमा ल्याउने कमी |
| • योजना तर्जुमा र कार्यान्वयनमा सहभागिता |
| • महिलाहरूको रोजगार आयवृद्धिमा सहयोग |
| • लैंगिक शसक्तिकरणको अवस्था |

**लैंगिक उत्तरदायी बजेटको आवश्यकता र महत्व**

राज्यद्वारा सञ्चालन गरिने हरेक किसिमका सेवा एवम् कार्यक्रमबाट महिलाले पनि पुरुषले सरह लाभ लिनसक्ने अवस्था वा वातावरणको सुनिश्चितताका लागि लैंगिक उत्तरदायी बजेटको आवश्यकता पर्दछ। यसका अलावा लैंगिक उत्तरदायी बजेटको आवश्यकता/महत्वलाई निम्नानुसार व्यक्त गर्न सकिन्छ –

१. मुलुकले अन्तर्राष्ट्रिय मंचहरूमा विभिन्न समयमा गरेका अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू पूरा गर्न,
२. महिला र पुरुषबीच अवसरहरूको वितरण र प्रप्तिमा लैंगिक समानता प्राप्त गर्न,
३. विद्यमान नीतिहरू लैंगिक सम्वेदनशील भए नभएको परिक्षण गरी लैंगिक सम्वेदनशील नीतिको कार्यान्वयन गर्न,
४. लैंगिक सरोकारका विषयहरूमा जागरण तथा जनसचेतना बढाउन,
५. लैंगिक जिम्मेवारी तथा उत्तरदायित्व बढाउँदै क्षमता र पारदर्शिता हासिल गरी सुशासनलाई सुदृढ गर्न,
६. लैंगिक समानता, सामाजिक सशक्तिकरण तथा मानवअधिकार प्रतिको सरकारको उत्तरदायित्वलाई राम्रोसंग प्रतिविम्बित गर्न,
७. लैंगिक समानता प्राप्तिका लागि अभिव्यक्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताको कार्यान्वयन र विनियोजित साधन स्रोतबीचको खाडललाई सम्बोधन गर्न,
८. सामाजिक न्याय सम्बन्धी वृहत् लक्ष्य प्राप्तिका लागी पनि लैंगिक उत्तरदायी बजेटको आवश्यकता पर्दछ।

**नेपालमा लैंगिक उत्तरदायी बजेट निर्माण तथा कार्यान्वयन**

समावेशी आर्थिक विकासको अवधारणालाई मूर्तरुप दिन व्यवहारमा आएको अवधारणा हो, लैंगिक उत्तरदायी बजेटको अवधारणा नेपालमा छैठौं योजना अवधी देखि महिला विकासका विषयलाई विकास योजनामा समावेश गर्ने

Question Bank Nepal

परिपाटिको प्रारम्भ भएतापनि नवौं योजना अवधि (२०५४-२०५९) देखि मात्र लैंगिक समानता र सशक्तिकरण सम्बन्धी नीति अवलम्बन गरिएको हो । सो नीति कार्यान्वयनमा आएपछि आ.व.२०५९/०६० मा पहिलो पटक महिला तथा बालबालिका मन्त्रालयले विभिन्न मन्त्रालयको लैंगिक बजेट विश्लेषण गर्ने परिपाटिको आरम्भ गरेको थियो ।

"लैंगिक मूलप्रवाहीकरणका लागी योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा लैंगिक बजेट प्रणाली (Gender Budgeting) लागु गर्ने" भनि दशौं योजनामा सर्वप्रथम लैंगिक बजेटको अवधारणा राखिएको थियो । लैंगिक बजेटलाई संस्थागत गर्ने गरी २०६२ भाद्र देखि अर्थ मन्त्रालयमा बजेट तथा कार्यक्रम महाशाखा प्रमुखको संयोजकत्वमा 'लैंगिक उत्तरदायी बजेट समिति' गठन गरिएको छ ।

आ.व. २०६४/२०६५देखि लैंगिक दृष्टिबाट प्रत्यक्ष उत्तरदायी , अप्रत्यक्ष उत्तरदायी र तटस्थ का आधारबाट बजेट्को मूल्यांकन गर्ने व्यवस्थाको थालनी गरिएको छ । यसका लागि ५ वटा गुणत्मक सूचकहरू : "महिलाको क्षमता अभिवृद्धि , महिलाको योजना तर्जुमा र कार्यान्वयनमा सहभागिता, लाभको बाँडफाँडमा महिलाको हिस्सा, महिलाको रोजगारी/ आय अभिवृद्धिमा सहयोग एवम् महिलाको समयको प्रयोगमा गुणात्मक सुधार र कार्यबोझमा कमी"को आधारमा वर्गीकरण गर्ने व्यवस्थाका लागि लैंगिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन,२०६९ निर्माण गरेको छ ।

कर्मचारीहरूको दक्षता अभिवृद्धि, कम्प्युटर सफ्टवेयर तयारी आदि जस्ता संस्थागत पूर्वाधार तयारीका कार्य केहि हदसम्म गरिएको भएता पनि यसको सफल कार्यान्वयनको लागि निम्न कदमहरू चाल्न आवश्यक देखिन्छ :–

★ सम्बन्धित निकायबाट कम्प्युटर सफ्टवेयरको प्रयोग गरी लैंगिक उत्तरदायी बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न व्यवसायिक रुपमा दक्ष बनाउँदै लैजाने,

★ लैंगिक उत्तरदायी बजेटको कारण महिलाहरूले आफु लाभान्वित भएको अनुभूती गराउन वकालती प्रकृया र सशक्तिकरणलाई जोड दिने,

★ सबै सरकारी निकायलाई लैंगिक उत्तरदायी बजेटले खोजे जस्तो नतिजा र प्रभावका लागि उत्तरदायी बनाउने,

★ प्रत्यक्ष लैंगिक उत्तरदायी बजेटको आकार बढाउँदै लैजाने ।

अन्त्यमा, सरोकारवाला निकायहरूले कार्यक्रम सञ्चालन गर्दा महिला र पुरुषबीचको विद्यमान सम्बन्धलाई मध्यनजर गर्दै, महिला र पुरुष दुवैका आवश्यकता र सरोकारका विषयलाई सम्बोधन गर्ने बजेट नै लैंगिक उत्तरदायी बजेट हो । विश्वमा सन् १९८४ मा अष्ट्रेलिया देखि सुरुवात भएको लैंगिक बजेटको अवधारणा नेपालमा स्पष्ट रुपमा आ.व. २०६२/०६३ देखि सुरु भएको हो, एशिया प्यासिफक क्षेत्रमा नेपाल यस बजेट अवधारणाको प्रयोग गर्ने प्रमुख राष्ट्रको रुपमा रहेको भएता पनि अवस्था त्यति सन्तोषजनक रहेको भने देखिदैन ।

आ.व. २०६४/०६५ देखि लैंगिक रुपमा प्रत्यक्ष उत्तरदायी, अप्रत्यक्ष उत्तरदायी तथा तटस्थ गरि बजेटको वर्गीकरण गर्न थालिएकोमा प्रत्येक वर्ष प्रत्यक्ष रुपमा उत्तरदायी बजेटको अंश बढ्दै गएको देखिएता पनि यसैमा चुप लागेर बस्न सकिने अवस्था भने रहेको छैन, यसका सन्दर्भमा अझ धैरै कार्य गर्न बाँकी छ ।

**(१०) लेखा प्रणालीका सर्वमान्य सिद्धान्त के-के हुन् ? उल्लेख गर्दै सरकारी स्रेस्ता/लेखाप्रणाली र व्यापारिक स्रेस्ता/लेखाप्रणालीबीच रहेका समानता तथा भिन्नताहरू औल्याउनुहोस् ।**

**लेखा प्रणालीका सर्वमान्य सिद्धान्त**

लेखा व्यवसायीले लेखासम्बन्धी काम गर्दा अवलम्बन गर्ने Accounting Concepts र convention लाई नै लेखाप्रणालीको सर्वमान्य सिद्धान्त (GAPP) भनिन्छ । लेखा प्रणालीका ती सर्वमान्य सिद्धान्तहरू देहाय बमोजिम रहेका छन् ।

(1) **Business Entity -** व्यावसायिक संस्था र यसका सदस्य अलगअलग हुने हुनाले कारोबार पनि अलग गरिनुपर्दछ । यसो भएमा संस्थाको आर्थिक स्थितिको यर्थाथ चित्रण हुन्छ । संस्थाको मालिकले पुँजी लगानी गर्दछ । त्यसैले संस्थाले लगानीवापत लगानीकर्तालाई मुनाफा दिनुपर्दछ । कम्पनीको सन्दर्भमा Limited Liability को मान्यता लागू हुन्छ ।

(2) **Money Measurement -** आर्थिक कारोबारको लेखा राख्दा Monetary Term मा राख्नुपर्दछ । ताकि कारोबारको लेखाजोखा मापन गर्न सकियोस् ।

(3) **Cost -** लागतको वर्तमान मूल्यमा नभई खरिद मूल्यमा लेखा राख्नु पर्दछ । यो पनि लेखा प्रणालीका एक सर्वमान्य सिद्धान्तका रुपमा रहेको छ ।

(4) **Going concerns -** संस्था अविच्छिन्न उत्तराधिकारी हो

Question Bank Nepal

यो निरन्तर चलिरहन्छ। त्यसैले संस्थाको खर्चलाई चालू र पुँजीगतमा विभाजन गरी लेखा राख्नुपर्दछ।

(5) **Realization-** यो cost concept सँग सम्बन्धित मान्यता हो। सम्पत्तिको मूल्यमा भएको परिवर्तनलाई वास्तविक कारोबार भएपछि मात्र लेखांकन गरिन्छ।

(6) **Accrual -** वास्तविक कारोबार भएका आधारमा राखिने लेखा हो। नगद वा उधारो, लिनु वा दिनुपर्ने, सम्पत्ति वा दायित्व सबै कारोबारलाई लेखांकन गर्नुपर्छ। यसमा नगद कारोबारलाई मात्र हेरिँदैन।

(7) **Periodicity-** निश्चित अवधिका आधारमा लेखा राख्ने मान्यता हो। जस्तै- नेपालमा साउन १ देखि असार मसान्तसम्म १२ महिनाको वार्षिक हिसाब राखिन्छ।

(8) **Matching -** जुन प्रयोजनमा खर्च भएको छ, सो खर्चलाई सोही शीर्षकमा लेखांकन गरिनुपर्छ। लेखा प्रणालीको एक सर्वमान्य सिद्धान्तका रुपमा रहेको Matching ले यही कुरालाई संकेत गर्दछ।

(9) **Double concept -** दोहोरो लेखा सम्बन्धी सिद्धान्तले कुनै पनि कारोवारले दुई पक्षलाई असर पार्ने हुँदा कारोबारलाई दोहोरो असर देखिने गरी लेखा राख्नुपर्छ, भन्ने मान्यता राख्दछ।

(10) **Consistency -** Accounting data को तुलना गर्न सकिने गरी लेखा राख्नुपर्दछ। यदि लेखानीति वा लेखांकनको तरिकामा परिवर्तन भई उक्त परिवर्तनले वित्तीय विवरणमा तात्विक असर (Materal effect) पार्ने भएमा सो व्यहोरा खुलस्त गर्नु (Disclose) गर्नुपर्दछ।

**सरकारी र व्यापारिक स्रेस्ता/लेखाप्रणालीबीच रहेका समानता तथा भिन्नता**

राज्यले जनहितका लागि गर्ने आर्थिक कारोबारको पारदर्शिता तथा व्यवस्थापनका लागि राख्ने स्रेस्तालाई सरकारी स्रेस्ता भनिन्छ, भने नाफा कमाउने उद्देश्यले स्थापना भएका व्यापारिक संगठनले राख्ने लेखालाई व्यापारिक स्रेस्ता भनिन्छ। सरकारी स्रेस्ता र व्यापारिक स्रेस्ताबीचमा केही आधारभूत भिन्नताहरू रहेका छन्, जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :–

| सरकारी स्रेस्ता/लेखाप्रणाली | व्यापारिक स्रेस्ता/लेखाप्रणाली |
|---|---|
| १) सरकारी लेखाको उद्देश्य नाफा नोक्सानको चित्रण गर्नु होइन किनकि सरकारले सञ्चालन गर्ने आर्थिक क्रियाकलाप नाफा कमाउनका लागि नभई जनहितका लागि हो। | १) व्यापारिक लेखाको उद्देश्य व्यापारिक संगठनको नाफा नोक्सानको यथार्थ चित्रण गर्नु हो। यही लेखाको माध्यमबाट व्यापारिक संस्थाले आफ्नो मुनाफामा कर तिर्नुपर्दछ। |
| २) सरकारी लेखाप्रणालीले पूर्ण रुपमा लेखाका सिद्धान्तहरूलाई अवलम्बन गरेको हुँदैन। किनकि यो नगदमा आधारित हुन्छ र जिन्सी सामग्रीको दोहोरो प्रभाव देखिने गरी स्रेस्ता पनि राखिँदैन। | २) व्यापारिक लेखाप्रणालीले accrual accounting, matching concept, double entry system लगायत लेखाका सम्पूर्ण सिद्धान्तलाई अवलम्बन गर्ने प्रयास गरेको हुन्छ। |
| ३) सरकारी स्रेस्ता प्रणालीले सम्पूर्ण सरकार/राज्यको बजेट नियन्त्रण र व्यवस्थापन गर्ने क्षमता राख्दछ। | ३) व्यापारिक स्रेस्ताले एउटा व्यापारिक फर्म वा संगठनको मात्र बजेट नियन्त्रण गर्न सक्छ। सरकारी बजेट नियन्त्रणमा यसको कुनै हात हुँदैन। |
| ४) सरकारी स्रेस्ता राज्यको सम्पूर्ण कोष व्यवस्थापनको आधार हो। | ४) व्यापारिक स्रेस्ता निश्चित व्यक्ति वा संस्थाको कोष व्यवस्थापन गर्ने माध्यम हो। |
| ५) सरकारी स्रेस्ताको आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षण को.ले.नि.का र म.ले.प.को कार्यालयले क्रमशः गर्दछन्। | ५) व्यापारिक स्रेस्ताको आन्तरिक लेखापरीक्षण गर्नका निमित्त छुट्टै व्यवस्था गरिएको हुँदैन भने अन्तिम लेखापरीक्षण Private Auditor बाट गरिन्छ। |

Question Bank Nepal

# अभ्यास प्रश्न सेट ६ समाधान सहित

## अभ्यास प्रश्न

**Section (A) - 10 Marks × 3 Questions = 30 Marks**

(१) सुचनाको हक सम्बन्धि ऐन, २०६४ ले सुचनाको हक सम्बन्धमा सार्वजनिक निकायलाई कस्तो दायित्व तोकेको पाउनुहुन्छ ? उल्लेख गदै सुचना प्राप्त गर्ने र प्रदान गर्ने कार्यविधिबारे चर्चा गर्नुहोस् ।

(२) वहुस्तरीय शासन सन्दर्भमा शासनलाई मूलभूत रुपमा कति प्रकारमा विभाजन गर्ने गरिएको छ ? उल्लेख; गर्दै ती शासनहरू बारेमा टिप्पणी लेख्नुहोस ।

(३) राष्ट्र राज्य र बहुराष्ट्रिय राज्यका बारेमा चर्चा गर्दै नेपालको राष्ट्र निर्माणको प्रक्रियामा रहेका समस्या/ चुनौतीहरू र समाधानका उपयाहरू उल्लेख गर्नुहोस् ।

**Section (B) - 10 Marks × 2 Questions = 20 Marks**

(४) नेपालको संविधान, २०७२ को प्रस्तावनाका विशेषताहरू उल्लेख गर्दै यस संविधानले ग्यारेन्टी गरेको न्याय सम्बन्धी हक र दलितको हक बारेमा चर्चा गर्नुहोस् ।

(५) राज्यका प्रमुख तीन अंग (व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका) ले गर्ने प्रमुख कार्यहरूको तालिका बनाई ती कार्यहरू बारे संक्षिप्तमा व्याख्या गर्नुहोस् ।

**Section (C) - 10 Marks × 3 Questions = 30 Marks**

(६) कर्मचारीतन्त्रको अवधारणा प्रस्तुत गर्ने क्रममा म्याक्स वेवरले कस्ता अधिकार (सत्ता) बारे चर्चा गरेका छन् ? उल्लेख गर्दै वेवरको वैध र विवेकशील कर्मचारीतन्त्र बारे चिनारी दिनुहोस् ।

(७) विद्युतीय शासन (E-Governance) भन्नाले के बुझिन्छ ? प्रशासन सुधार सुझाव समितको प्रतिवेदन, २०७० ले विद्युतीय शासनका विशेषता र चरणहरू कसरी उल्लेख गरेको छ ? चर्चा गर्नुहोस् ।

(८) सार्वजनिक व्यवस्थापन सन्दर्भमा राजनैतिक तटस्थता, प्रशासनिक प्रतिबद्धता, पारदर्शिता र उत्तरदायित्वको आवश्यकता तथा महत्वमाथि प्रकाश पार्नुहोस् ।

**Section (D) - 10 Marks × 2 Questions = 20 Marks**

(९) मध्यमकालीन खर्च संरचना (MTEF) को परिचय दिदैं यसको सान्दर्भिकताको विश्लेषण गर्नुहोस् ।

(१०) सरकारी लेखापरीक्षण भन्नाले के बुझ्नुहुन्छ ? लेखापरीक्षकको उद्देश्य स्पष्ट गर्दै लेखा परीक्षकले लेखापरीक्षण गर्दा के-के कुराहरूको परीक्षण गर्नुपर्ने कानूनी व्यवस्था छ, ? उल्लेख गर्नुहोस् ।

## समाधान

**(१) सुचनाको हक सम्बन्धी ऐन, २०६४ ले सूचनाको हक सम्बन्धमा सार्वजनिक निकायलाई कस्तो दायित्व तोकेको पाउनुहुन्छ ? उल्लेख गर्दै सुचना प्राप्त गर्ने र प्रदान गर्ने कार्यविधिबारे चर्चा गर्नुहोस् ।**

### सुचनाको हक सम्बन्धमा सार्वजनिक निकायको दायित्व

सुचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा २ (ङ) मा परिभाषित गरिएको "सूचनाको हक" सम्बन्धमा सार्वजनिक निकायलाई दफा ४, ५ र ६ मार्फत देहाय बमोजिमको दायित्व तोकेको पाईन्छ –

★ प्रत्येक सार्वजनिक निकायले नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्नु गराउनु पर्ने ।

★ सूचनाको हकको सम्मान र संरक्षणको लागि सार्वजनिक निकायले सूचना वर्गीकरण र अद्यावधिक गरी समय समयमा सार्वजनिक, प्रकाशन तथा प्रसारण गर्नु गराउनु पर्ने ।

★ सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउनु पर्ने ।

★ सार्वजनिक निकायहरूले आफ्नो काम कारबाही खुला र पारदर्शी रुपमा गर्नुपर्ने ।

★ सूचनाको हकको सम्मान र संरक्षणको लागि आफ्ना कर्मचारीको लागि उपयुक्त तालिम र प्रशिक्षणको व्यवस्था गर्नुपर्ने ।

★ सार्वजनिक निकायले सूचना सार्वजनिक, प्रकाशन वा प्रसारण गर्दा विभिन्न राष्ट्रिय भाषा तथा आमसञ्चारका माध्यमबाट गर्न सक्ने ।

★ सार्वजनिक निकायले आफ्नो कार्यालयमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनको लागि सूचना अधिकारीको व्यवस्था गर्नुपर्ने ।

★ सूचना प्रवाह गर्ने प्रयोजनको लागि सार्वजनिक निकायको प्रमुखले आफ्नो कार्यालयमा रहेको सूचना नियमित रुपमा सूचना अधिकारीलाई उपलब्ध गराउनु पर्ने ।

★ सार्वजनिक निकायमा भएको वा भैरहेकेको वा हुनसक्ने भ्रष्टाचार,अनियमितता र प्रचलित कानून बमोजिम अपराध मानिने कुनै कार्यको सूचना दिनु सम्बन्धित सार्वजनिक निकायका कर्मचारीको दायित्व हुने ।

Question Bank Nepal

★ सार्वजनिक निकायले सरोकारवालाबाट माग भएमा उक्त निकायमा रहेको निजको व्यक्तिगत सूचना उपलब्ध गराउनुपर्ने ।

**सुचना प्राप्त गर्ने र प्रदान गर्ने कार्यविधि**

सुचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ७ समेतमा सार्वजनिक निकायबाट नेपाली नागरिकले सुचना प्राप्त गर्ने र उक्त सार्वजनिक निकायले सुचना प्रदान गर्ने कार्यविधि यसरी उल्लेख गरिएको पाईन्छ –

★ सुचनाको हक सम्बन्धि ऐन, २०६४ बमोजिम कुनै सूचना प्राप्त गर्न चाहने नेपाली नागरिकले सर्वप्रथम त्यस्तो सूचना प्राप्त गर्नुपर्ने कारण खुलाई सम्बन्धित सार्वजनिक निकायको सूचना अधिकारी समक्ष निवेदन दिनु पर्ने ।

★ यसरी सूचना माग गर्दा निवेदकले तोकिए बमोजिमको दस्तुर सम्बन्धित सार्वजनिक निकायमा बुझाउनु पर्ने, तर कुनै सूचनाको सन्दर्भमा प्रचलित कानूनमा छुट्टै दस्तुरको व्यवस्था रहेकोमा सोही बमोजिम हुने ।

★ सूचना बापत लाग्ने दस्तुर तोक्दा सूचना उपलब्ध गराउँदा लाग्ने वास्तविक लागतको आधारमा तोकिने र यसरी तोकिएको दस्तुर लागतभन्दा बढी भएको लागेमा सम्बन्धित व्यक्तिले राष्ट्रिय सूचना आयोग समक्ष उजुरी दिन सक्ने ।

★ सूचना बापत लाग्ने भनी तोकिएको दस्तुर वास्तविक लागत विपरीत तोकेको देखिएमा आयोगले पनि त्यस्तो दस्तुर पुनरावलोकन गर्न आदेश दिन सक्ने ।

★ यसरी लाग्ने दस्तुर सहित निवेदन प्राप्त भएमा सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना उपलब्ध गराउनु पर्ने ।

★ यदि निवेदकले माग गरेको सूचना तत्काल उपलब्ध गराउन नसकिने भएमा सूचना अधिकारीले सोकेको कारण सहितको जानकारी तुरुन्त निवेदकलाई गराउनु पर्ने ।

यदि निवेदकले सूचना अधिकारीसंग कुनै व्यक्तिको [illegible]–ज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग गरेको [illegible] भने त्यस्तो सूचना माग गरेको चौबीस घण्टाभित्र [illegible]ना अधिकारीले निवेदकलाई उपलब्ध गराउनु पर्ने ।

★ सूचना अधिकारीले निवेदकद्वारा माग भएको सूचना सम्भव भएसम्म माग भएको स्वरुपमा नै उपलब्ध गराउनु पर्ने ।

★ यदि निवेदकले माग गरेकेको स्वरुपमा सूचना उपलब्ध गराउँदा सूचनाको स्रोत बिग्रने, भत्कने वा नष्ट हुने सम्भावना भएमा सूचना अधिकारीले सोको कारण खोली उपयुक्त स्वरुपमा निवेदकलाई सूचना उपलब्ध गराउन सक्ने ।

★ कुनै नेपाली नागरिकले कुनै लिखत, सामग्री वा काम कारबाहीको अध्ययन वा अवलोकन गर्नको लागि निवेदन दिएको भए सूचना अधिकारीले निवेदकलाई त्यस्तो लिखत, सामग्री वा काम कारबाहीको अध्ययन वा अवलोकनको निमित्त मुनासिव समय उपलब्ध गराउने ।

★ सार्वजनिक निकायको सूचना अधिकारी समक्ष सूचनाको माग गरी परेको निवेदन जाँचबुझ गर्दा निवेदकले माग गरेको सूचना आफ्नो निकायसँग सम्बन्धित नदेखिएमा सूचना अधिकारीले सो कुराको जानकारी तुरुन्त निवेदकलाई दिनु पर्ने ।

**(२) वहुस्तरीय शासन सन्दर्भमा शासनलाई मूलभूत रुपमा कति प्रकारमा विभाजन गर्ने गरिएको छ ? उल्लेख गर्दै ती शासनहरू बारेमा टिप्पणी लेख्नुहोस ।**

**वहुस्तरीय शासन सन्दर्भमा शासनको वर्गीकरण/प्रकार**

वहुस्तरीय शासन सन्दर्भमा शासन सम्बन्धी अवधारणा, शासन व्यवस्थाले ओगट्ने क्षेत्र एवम् प्रचलित सिद्धान्तका आधारमा शासनलाई मोटामोटी रुपमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :-

| शासनको वर्गीकरण/प्रकार |
|---|
| 1. Fair governance |
| 2. Global governance |
| 3. Corporate governance |
| 4. Informal Governance |
| 5. Governance by Civil Society |
| 6. Governance by Co-operation |
| 7. IT or E-governance |
| 8. Local Governance |
| 9. Project governance |
| 10. Participatory governance |

**बहु–स्तरीय शासनहरू बारेमा छोटकरीमा टिप्पणी**

बहुस्तरीय शासन सन्दर्भमा शासन सम्बन्धी अवधारणा, शासन व्यवस्थाले ओगट्ने क्षेत्र एवम् प्रचलित सिद्धान्तका

Question Bank Nepal

आधारमा शासनलाई मोटामोटी रुपमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :-

1. **Fair governance :-** Fair governance मा आफ्ना इच्छा अनुसारका कार्य गर्नका लागि मालिकहरू (जनताहरू/सरोकारवाला) हरूले आफ्ना प्रतिनिधिलाई (कार्यकारी) आफ्ना अधिकार एवम् शक्ति प्रदान गर्ने गर्दछन् । अर्थात् यस्तो शासन पद्दति जसमा प्रतिनिधि (Agent) ले आफ्ना मालिकको तर्फबाट अधिकारको प्रयोग गरी उनीहरूको इच्छा बमोजिमका कार्य गर्ने गर्दछन् । यो शासन व्यवस्था लोकतन्त्रको भावना अनुरुपको मानिन्छ ।
2. **Global governance:-** Global governance मा राष्ट्, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार, नागरिक तथा संगठन बीचको अन्तर सरकारी तथा सरकारी एवम् गैरसरकारी र सो सम्बन्धका आधारमा सिर्जित औपचारिक तथा अनौपचारिक संयन्त्र, पद्दति तथा प्रक्रिया जसका माध्यमबाट विश्व परिवेशको सामूहिक चाहनाहरू, अधिकारहरू तथा कर्तव्यहरूको निर्धारण गरिन्छ र असमानताको व्यवस्थापन गरिन्छ । यस्तो शासनको राम्रो उदाहरणका रुपमा, विभिन्न स्वतन्त्र राष्ट्हरूबीचको अन्तर्राष्ट्रिय सम्बन्धलाई लिन सकिन्छ ।
3. **Corporate governance:-** यो अवधारणा मूलतः व्यापारिक संघ संगठनसँग सम्बन्धित छ । यसमा प्रक्रिया, प्रथा, नीति, नियम, कानून र संयन्त्रको माध्यमबाट व्यक्तिहरूले संस्थालाई निर्देशित र नियन्त्रित गर्दछ । अर्को शब्दमा भन्दा corporate governance ले सरोकारवाला पक्ष र संस्थागत लक्ष्य बीचको अन्तरसम्बन्धलाई समावेश गरेको हुन्छ । यस्ता सरोकारवालाहरूमा संगठनका shareholders, management तथा Board of directors कर्मचारी, वितरक, उपभोक्ता, बैंकहरू, साहुहरू, नीति निर्माता, वातावरण र सम्पूर्ण समुदाय पर्दछन् ।
4. **Informal Governance:-** संयुक्त राष्ट्रसंघ, विश्व बैंक तथा अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी संस्थाहरू एवम् अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू आदिले अप्रत्यक्ष रुपमा मुलुकको शासकीय अंगहरूको काम कारबाहीलाई प्रभाव पार्नुलाई अनौपचारिक शासन भनिन्छ अर्थात् शासन व्यवस्थामा सजिलै देख्न र बुझ्न नसकिने राज्यको शासन पद्दतिमा प्रत्यक्ष सहभागी नहुने, शासकीय अंगको रुपमा प्रस्तुत नहुने तर अप्रत्यक्ष रुपमा समूह, समुदाय वा संस्थाले शासन व्यवस्थामा प्रभाव पार्नुलाई अनौपचारिक शासन भनिन्छ ।
5. **Governance by Civil Society:-** राज्यको संरचनागत जटिलता, कानूनी झन्झट एवम् नियन्त्रणात्मक शैली तथा निजी क्षेत्रको नाफामुखी कार्यशैलीबाट मुक्त, स्वतन्त्र, स्वायत्त नागरिक समाजबाट नागरिक चासो, हित र सरोकारका विषयलाई उजागर गरी नागरिक हितका लागि सरोकारयोग्य नीति निर्माण, योजना एवम् कार्यक्रम तर्जुमा गर्न सरकारलाई सुझाव दिनु, दबाब दिनु तथा सहकार्य गर्नुलाई नागरिक समाजको शासन भनिन्छ ।
6. **Governance by Co-operation:-** लोकतान्त्रिक मान्यतालाई आत्मसात् गर्दै समाजको सक्रियता एवम् सामाजिक परिचालनका माध्यमबाट देशको आर्थिक सामाजिक रुपान्तरणमा सहयोग पुऱ्याउन सहकारीको सञ्चालन, व्यवस्थापन तथा सहकारी क्षेत्रले सरकार, समाज वा व्यवसायिक क्षेत्रसँग राख्ने सम्बन्ध र पार्ने प्रभावको समग्र रुप नै सहकारितामूलक शासन हो ।
7. **Local Governance:** स्थानीय निकाय र समुदायका जनप्रतिनिधिको छनौट, नेतृत्व छनौट र नेतृत्व विकास, सेवा र विकासका कार्यमा नागरिक सहभागिता एवम् सरोकार स्थापित गर्ने समग्र प्रणालीको नाम हो, स्थानीय स्वायत्त शासन । स्थानीय स्वायत्त शासनलाई स्थानीय सरकारको शासनको रुपमा पनि बुझ्न सकिन्छ । नेपालमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ र सो अन्तर्गतको नियमावली अनुसार आफ्नो काम, कर्तव्य र अधिकारहरू सञ्चालन गर्दै आएका स्थानीय निकायहरू नगरपालिका (५८ वटा), गा.वि.स. (३९१५ वटा) र जि.वि.स. (७५ वटा) लाई नै स्थानीय स्वायत्त शासन सञ्चालन गर्ने स्थानीय सरकारका रुपमा लिने गरिन्छ ।
8. **Project governance:-** Project governance भन्ने Term मूलतः सूचना प्रविधिसँग सम्बन्धित उद्योगहरूमा प्रयोग गरिन्छ । यसले कुनै पनि Project सफल बनाउनका लागि आवश्यक पर्ने प्रक्रियाहरूको बारेमा व्याख्या गर्ने गर्दछ ।
9. **Information technology governance:-** IT governance ले मूलतः व्यवसायिक लक्ष्य (केन्द्रबिन्दु) र सूचना प्रविधि व्यवस्थापन बीचको connection सँग सरोकार राख्दछ । यसको मूल

Question Bank Nepal

उद्देश्य भनेको संस्थामा सूचना प्रविधिमा लगानीको सुनिश्चितता गरी व्यवसायिक मूल्यको सिर्जना एवम् IT Project सँग सम्बन्धित सम्पूर्ण जोखिमहरूको न्यूनीकरण गर्नु हो ।

10. **Participatory governance:-** यसले राज्य सञ्चालनका हरेक तह एवम् प्रक्रियाहरूमा नागरिकहरूको सहभागिताका माध्यमबाट लोकतन्त्रको अनुभूति दिलाउने कार्य गर्दछ । यस अवधारणाको मुख्य ध्येय भनेको देशका नागरिकहरूले निर्णय निर्माणमा महत्वपूर्ण तथा प्रत्यक्ष भूमिका निर्वाह गरुन् या त राजनीति सवालहरू/चासोहरूकै सन्दर्भमा भएपनि सहभागी होऊन् भन्ने हो र यस्तो सहभागिताका लागि सरकारी कर्मचारीहरू पनि जिम्मेवार हुन्छन् । सहभागितामूलक शासनमा नागरिकले एउटा watch dog को भूमिका निर्वाह गर्न सक्दछन् ।

शासन सम्बन्धी अवधारणा एक राजनीतिक अवधारणा भएकोले समाजको परिवर्तनसँगै सामाजिक विज्ञानको रुपमा रहेको राजनीतिक विचारधारामा पनि समयानुकुल परिवर्तन हुँदै जाने क्रममा शासन सम्बन्धी अवधारणामा पनि परिवर्तन हुँदै जान्छ । वर्तमान समयमा माथि उल्लेखित शासनका अलावा Regulatory governance, Non-profit governance, Metagovernance सम्बन्धी अवधारणाको पनि विकास भएको पाइन्छ ।

**(३) राष्ट्र राज्य र बहुराष्ट्रिय राज्यका बारेमा चर्चा गर्दै नेपालको राष्ट्र निर्माणको प्रक्रियामा रहेका समस्या/चुनौतीहरू र समाधानका उपयाहरू उल्लेख गर्नुहोस् ।**

### राष्ट्र राज्य र बहुराष्ट्रिय राज्य

**राष्ट्र राज्य –** राष्ट्रिय पहिचान (राष्ट्र) र राज्यको कानूनी दायरा (राज्य) एक अर्कासँग मिसिन्छन् भने त्यस्ता राज्यलाई राष्ट्र राज्य भनिन्छ । कुनै राष्ट्रको आफ्नै राज्य वा सरकार हुनपनि सक्दछ र नहुन पनि सक्दछ । यदि कुनै राष्ट्रको आफ्नै राज्य वा सरकार भएको अवस्था विद्यमान छ भने त्यसलाई राष्ट्र राज्यका रुपमा चिन्न सकिन्छ । भन्नुको मतलब राष्ट्रिय पहिचान कुनै राज्य क्षेत्रमा मात्र सीमित छ तथा उक्त राज्य क्षेत्रमा अर्को राष्ट्रिय पहिचान छैन र राज्यले पनि त्यहाँ रहेको एउटै राष्ट्रिय पहिचानलाई विभिन्न तरिकाले सम्बोधन गरेको छ भने त्यस राज्यलाई मात्र राष्ट्रराज्यको रुपमा लिन सकिन्छ ।

जापान, फ्रान्स, स्वीडेन आदि मुलुकहरू (जहाँ राष्ट्र र राज्य एक ठाउँमा मिसिएका छन्) लाई राष्ट्र राज्यको उदाहरणको रुपमा लिन सकिन्छ । जापानको उदाहरण लिने हो भने आफ्नो पहिचान जापानी हो भन्नेहरू साँच्चै जापानी राज्यमा नै बस्दछन् र जो जापानमा बस्दछन् ती आफ्नो पहिचान जापानी भएको मान्दछन् । त्यसैले जापान राष्ट्र राज्यको एउटा उदाहरण हो ।

**बहुराष्ट्रिय राज्य –** राष्ट्रिय पहिचान र राज्यको कानूनी दायरा एक अर्कासँग नमिसिएको अर्थात् एकै राष्ट्र अर्थात् राष्ट्रिय पहिचान, एक भन्दा बढी राज्यमा परेको अवस्था छ, साथै एक राज्य भित्र विभिन्न राष्ट्रिय पहिचान रहेको अवस्था छ भने त्यस्ता राज्यलाई बहुराष्ट्रिय राज्य भनिन्छ । चीन, भारत, नेपाल लगायतका मुलुकहरूलाई बहुराष्ट्रिय मुलुकका रुपमा लिन सकिन्छ । जस्तो की नेपाल राज्य पनि नेपाली राष्ट्रिय पहिचान, डोटेली राष्ट्रिय पहिचान, मधेशी राष्ट्रिय पहिचान लगायतका अनेक राष्ट्रिय पहिचान मिलि बनेको छ ।

अर्को तिर नेपाली पहिचान नेपालमा मात्र सीमित नरही भारत, भुटान, म्यानमार, हङकङ, अमेरिका तथा युरोपेली मुलुकसम्म विस्तार भएको छ । राष्ट्र निर्माणको क्रममा कुनै बेलाको राष्ट्र राज्य पछि गएर बहुराष्ट्रिय राज्यका रुपमा स्थापित हुन सक्दछ भने कुनै बेलाको बहुराष्ट्रिय राज्य पनि पछि गएर राष्ट्र राज्यका रुपमा उदाउन सक्दछ ।

### राष्ट्र निर्माण प्रक्रियाका समस्या/चुनौतीहरू र समाधानका उपाय

गोपाल वंशबाट शुरु भएको नेपालको राजनीतिक इतिहासलाई हेर्दा प्राचीन नेपाल, मध्यकालीन नेपालमा राष्ट्र निर्माणको प्रक्रिया आफ्नै किसिमको थियो । नेपालका राष्ट्रनिर्माता राजा पृथ्वी नारायण शाहद्वारा नेपालको एकिकरण भएपश्चात् नेपाल राज्य निर्माण प्रक्रिया पूरा भए तापनि राष्ट्र निर्माणको कार्य भने पूरा हुन सकेन । राजा पृथ्वीनारायण शाहबाट शुरु भएको राष्ट्र निर्माण प्रक्रिया आजसम्म आइपुग्दा पनि पूरा हुन नसकी विकसित हुँदै आएको अवस्थामा छ । नेपालका प्रथम प्रधानमन्त्री भीमसेन थापाको पालामा भएको नेपाल-अंग्रेज बीचको सुगौली सन्धिले राजा पृथ्वीनारायण शाहबाट शुरु गरेको नेपालको राज्य निर्माण प्रक्रियालाई पूर्ण विराम लगायो । तर राष्ट्र निर्माण प्रक्रिया भने विभिन्न समस्या एवं चुनौती झेल्दै हाल सम्म पनि चलिनै रहेको छ । अनेकतामा एकता को मूल नारामा नै नेपालको राष्ट्र निर्माण प्रक्रिया अगाडि बढिरहेको छ ।

राष्ट्र निर्माणको प्रक्रियामा/क्रममा राजाकालीन र पञ्चायतकालीन अवस्थामा उल्लेखनीय उपलब्धी हुन नसके पनि वि.सं. २००७ - १७ सम्मको कालखण्डलाई छाड्दा २०४६ को परिवर्तत पछि भने नेपालको राष्ट्र निर्माण प्रक्रियाले

Question Bank Nepal

गति लिन थालेको पाइन्छ । २०४७ साल तथा वर्तमान संविधान मा नै राष्ट्र र राज्यको परिभाषा गर्दै अनेकतामा एकता (नेपाली पहिचान) मा जोड दिने संवैधानिक व्यवस्था हुनुलाई राष्ट्र निर्माण सन्दर्भमा महत्वपूर्ण मान्न सकिन्छ ।

बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त नेपालमा जातीय, भाषिक, धार्मिक र सांस्कृतिक एकताको माध्यमबाट राष्ट्र निर्माण हुनसक्ने अवस्था छैन । तसर्थ अनेकतामा एकताको मान्यता अनुसार बहुजातीय, भाषिक, धार्मिक र सांस्कृतिक विभाजित नेपालका बासिन्दाका बीच नेपाली पहिचानलाई साझा भावनाका रुपमा विकास गर्न सकेमा मात्र नेपाली पहिचानको राष्ट्र निर्माण प्रक्रियाले मूर्त रुप पाउनेमा दुई मत हुन सक्दैन ।

नेपालको राष्ट्र निर्माण प्रक्रियामा रहेका देहाय बमोजिमका समस्या एवं चुनौतीहरूलाई देहाय बमोजिम समाधान एवं समाना गर्दै जान सकेमा राष्ट्र निर्माण प्रक्रियाबाट सकारात्मक परिणाम निस्कने कुरालाई नकार्न सकिँदैन ।

| राष्ट्र निर्माण प्रक्रियाका समस्या एवं चुनौती | समस्या एंव चुनौती समाधान एवं सामनाका लागि सुझाव |
|---|---|
| **जातिगत समस्या एवं चुनौती** (अनेकतामा एकताको भावनामा ह्रास हुँदै गएको अवस्था) | जातीय सहिष्णुतामा जोड, छुवाछुत प्रथाको व्यवहारिक रुपमा नै अन्त्य गर्ने, जातीय भेदभाव अन्त्य गर्ने, सकारात्मक विभेदको नीति अवलम्बन गर्दै पिछडिएको विपन्न वर्ग एवं जातिको उत्थान गर्नुपर्ने । |
| **भाषिक समस्या एवं चुनौती** (भाषामा राजनीतिकरणको कारण साझा भाषाको रुपमा रहेको नेपाली भाषाको प्रयोग कम हुँदै जानु) | राज्यमा बोलिने सबै भाषाको सम्मान, विकास र सम्वर्द्धन गर्दै सरकारी कामकाज एवं साझा भाषाको रुपमा नेपाली भाषालाई सबै भाषिक समुदायले सम्मान पूर्वक प्रयोगमा बढवा दिनुपर्ने । |
| **क्षेत्रीय समस्या एवं चुनौती** (क्षेत्रीय सन्तुलित विकास हुन नसक्नु, अखण्ड नेपाल होइन कि अखण्ड सूदुरपश्चिम, अखण्ड मध्यपश्चिम, एक मधेश एक प्रदेश जस्ता आन्दोलनहरू हुनु) | राज्यले मुलुकका सबै क्षेत्रको सन्तुलित विकासमा जोड दिनु पर्ने, पिछडिएको एवं दुर्गम क्षेत्रको विकासको लागि छुट्टै विशेष कार्यक्रम प्रभावकारी रुपमा लागू गर्नुपर्ने, क्षेत्रीय एकतामा जोड दिँदै अखण्ड नेपाललाई मूल नाराको रुपमा अगाडि बढाउनुपर्ने । |
| **धार्मिक तथा सांस्कृतिक समस्या एवं चुनौती** (मुलुकका विभिन्न ठाउँमा धार्मिक, साम्प्रदायिकताका घटना घट्दै जानु, बहुसंस्कृतिका बीचमा एकल नेपाली संस्कृतिको विकासमा विभिन्न बाधाव्यवधान खडा हुनु) | परम्परादेखि नेपाली समाजमा कायम हुँदै आएको धार्मिक साहिष्णुतामा खलबल आउन नदिन धार्मिक तथा सांस्कृतिक सद्भावनाका क्रियाकलापहरू सञ्चालन गर्दै जानुपर्ने, एकले अर्काको धर्मप्रति सम्मान र सद्भाव राख्ने सदियौं देखिको परम्परालाई अझ मजबुद गराउँदै जाने, धर्म निरपेक्ष राज्यको मूल मर्म अनुसार राज्यले आफ्ना क्रियाकलापहरू सञ्चालन गर्दै जाने । |
| **जसबाट अपेक्षित परिणाम** – नेपालका विभिन्न जातजाति, भाषाभाषि, धर्मावलम्बी, क्षेत्रीय र सम्प्रदाय बीच विद्यमान एकताको भावना (नेपाली पहिचान) दिनप्रतिदिन अझ मजबुद हुँदै जानेछ । "हिमाल, पहाड र तराई कोही छैन पराई" भन्ने उक्तिले व्यवहारमा स्थान पाउनेछ जसले गर्दा नेपालको राष्ट्र निर्माण प्रक्रियाले फड्को मार्ने अपेक्षा राख्न सकिन्छ । | |

सुरेश अधिकारीले आफ्नो पुस्तक शासन प्रणालीमा नेपाल राष्ट्र निर्माणका विद्यमान चुनौतीहरू देहायबमोजिम प्रस्तुत गर्नुभएको पाइन्छ :– राज्य एकिकरण प्रति नै दोषारोपण, सामाजिक, सांस्कृतिक बहुलवाद प्रतिको प्रतिबद्धतामा कमी, भाषिक, धार्मिक द्वेषको अवस्था, पहिचान र सम्मानका सवालमा अलमल रहेको, राष्ट्रिय प्रतिकहरू स्पष्ट गर्न नसकेको अवस्था, जथाभावी सहिद घोषणा र वास्तविक सहिदको अपमान हुने अवस्था (दल र समुदाय पिच्छेका सहिद), नागरिकता प्रतिको अस्थीर नीति आदि ।

**(४) नेपालको संविधान, २०७२ ले प्रस्तावनाका विशेषताहरू उल्लेख गर्दै यस संविधानले ग्यारेन्टी गरेको न्याय सम्बन्धी हक र दलितको हक बारेमा चर्चा गर्नुहोस् ।**

**वर्तमान संविधानको प्रस्तावनाका विशेषताहरू :**

नेपालको अन्तरिम संविधान, २०६३ लाई विस्थापन गरी नेपालमा नेपालको संविधान, २०७२ मिति २०७२ असोज ३ गते देखि लागू भयो । यस संविधानमा प्रस्तावना, ३५ भाग, ३०८ धारा, ९ अनुसूचीहरू रहेका छन् । प्रस्तावनामा संविधानवादका विभिन्न मूल्य मान्यताहरूलाई उल्लेख गरिएको यस संविधानको प्रस्तावनाका विशेषताहरूलाई देहायका बुँदाहरूमा उल्लेख गर्न सकिन्छ :–

★ "हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनता" भनी जनताको नामबाट प्रस्तावना लेख्न प्रारम्भ गरिएको ।

Question Bank Nepal

★ नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण राख्ने प्रण गरिएको ।

★ राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि विगतमा जनताले गरेको त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गरिएको ।

★ सामन्ती, निरकुंश, केन्द्रिकृत, एकात्मक र राज्य व्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्ने उद्घोषण गरेको ।

★ विविधताका बीच एकता, सामाजिक, संस्कृति ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्द्धन गर्ने र समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको ।

★ प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवाधिक निर्वाचन, प्रेस स्वतन्त्रता, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका तथा कानुनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यताप्रति प्रतिबद्धता जनाएको ।

★ संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्ष पूरा गर्ने उद्देश्य राखेको ।

**वर्तमान संविधानले ग्यारेन्टी गरेको न्याय सम्बन्धी हक**

नेपालको अन्तरिम संविधान, २०६३ ले प्रत्याभूति गरेको न्याय सम्बन्धी हकलाई वर्तमान नेपालको संविधान, २०७२ ले निरन्तरता दिएको छ । यस संविधानको भाग ३ धारा २० मा न्याय सम्बन्धी हकको व्यवस्था गरिएको छ । संविधान प्रदत्त उक्त हक अन्तर्गत देहाय बमोजिमका हकहरू समाष्टि भएका छन् :-

(१) कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा नराखिने ।

(२) निवारक नजरबन्दमा राखिएको व्यक्ति र शत्रुदेको नागरिक बाहेक पक्राउ परेका व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानुन व्यवासायीसँग सल्लाह लिन पाउने तथा कानुन व्यावसायीद्वारा पूर्पक्ष गर्ने हक हुने ।

(३) पक्राउ परेको माथि २ नं. को बुँदामा उल्लेखित व्यक्तिले आफ्नो कानून व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहने ।

(४) निवारक नजरबन्दमा राखिएको व्यक्ति र शत्रु देशको नागरिक बाहेक पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटाको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्ने ।

(५) मुद्दा हेर्ने अधिकारबाट आदेश भएमा बाहेक माथि बुँदा नं. ४ बमोजिम भएका व्यक्तिलाई थुनामा नराखिने ।

(६) तत्काल प्रचलित कानुनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायमाफी नहुने ।

(७) कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा कानुनमा तोकिएभन्दा बढी सजाय नदिने ।

(८) कुनै अभियोग लगाइएको व्यक्तिलाई निजले गरेको कसुर प्रमाणित नभएसम्म कसुरदार नमानिने ।

(९) कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसुरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय नदिइने ।

(१०) कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन बाध्य नपारिने ।

(११) प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुने ।

(१२) प्रत्येक व्यक्तिलाई निष्पक्ष, स्वतन्त्र र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाईको हक हुने ।

(१३) असमर्थ पक्षलाई कानुन बमोजिम निःशुल्क कानुनी सहायता पाउने हक हुने ।

**वर्तमान संविधानले ग्यारेन्टी गरेका दलितको हक**

नेपालको संविधान, २०७२ मा दलितको हकलाई पहिलो पटक नयाँ मौलिक हकको रुपमा व्यवस्था गरिएको छ । यस संविधानको भाग ३ धारा ४० मा दलितको हकको व्यवस्था गर्दै उक्त हक अन्तर्गत देहाय बमोजिमका हकहरू समाविष्ट गरिएको पाइन्छ :-

(१) दलित समुदायका व्यक्तिलाई निंजामती सेवा, सेना, प्रहरी लगायतका राज्यका सबै निकाय र क्षेत्रमा समावेशी सिद्धान्तकाआधारमा रोजगारी प्राप्त गर्ने हक हुने ।

(२) सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तिकरण, प्रतिनिधित्व र सहभागिताको लागि कानुन बमोजिम विशेष व्यवस्था गरिने ।

(३) दलित विद्यार्थीलाई प्राथमिक देखि उच्च शिक्षासम्म कानुन बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिने ।

Question Bank Nepal